# धर्मकीर्ति

## THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

चैत्र पूर्णिमा



थाईलैण्डको फुकेटमा धर्मदेशना गर्नुहुँदै धम्मवती गुरुमाँ

DHARMAKIRTI

वर्ष- २०  अङ्क- १२  वार्षिक रु. ६०/-  मूल्य रु. ५/-

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १. बुद्ध-वचन | – | १ |
| २. सम्पादकीय 'शान्तिको लागि धर्म' | – | २ |
| ३. अनाशक्त | – मंगलमित्र, सत्यनारायण गोयन्का | ३ |
| ४. धम्मपद-१५७ | – रीना तुलाधर | ५ |
| ५. लुम्बिनीको अशोक स्तम्भ, हाम्रो गौरवः हाम्रो सम्पदा | – घनश्याम राजकर्णिकार | ६ |
| ६. श्रमण नारद-३ | – ले. श्रीयुक्त नाथुराम प्रेमी, अनु. प्रकाश बज्राचार्य | ८ |
| ७. ध्यानकुटी बाल आश्रमलाई सहयोग | – | १० |
| ८. बुद्ध धर्मसंघको प्रतीक तथा मृगहरू | – मिलन शाक्य | ११ |
| ९. छलफल | – मेघदूत | १३ |
| १०. संघनायक भिक्षु अनिरुद्ध महास्थविर | – कृष्णकुमार प्रजापति | १५ |
| ११. धर्मकीर्ति विहार-गतिविधि | – | १९ |
| १२. राहुलया माँ याके न्ह्यसः | – बुद्धरत्न शाक्य | २० |
| १३. महामानव गौतम बुद्ध | – सुमित बज्राचार्य | २१ |
| १२. धर्म प्रचार-समाचार | – | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ह्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५, २२४९१२

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२

**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**धुवरत्न स्थापित**
फोन : २५७५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४६
नेपालसम्वत् ११२३
इस्वीसम्वत् २००३
बिक्रमसम्वत् २०५९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**MARCH 2003**

| वर्ष- २० | अङ्क- १२ | होलि पुन्ही | चैत्र २०५९ |
|---|---|---|---|




★ जसले पापलाई बगाइ सकेको छ उसलाई ब्राह्मण र जसले राम्रो आचरण गर्नेछ उसलाई श्रमण भन्दछन् आफ्नो क्लेश दूर गर्नेलाई प्रव्रजित (त्यागी) भन्दछन् ।

★★★

★ खराब काम नगर्नुनै बेश खराब काम गर्दा पछुतो हुन्छ, राम्रो काम गर्नु नै बेस, जुन काम गर्नाले पछि ताप हुँदैन ।

★★★

★ असंयमी दुराचारी भै राष्ट्रको अन्न खानु भन्दा आगो भैं रातो तातेको फलामको डल्लो खानु बेस ।

सम्पादकीय

# शान्तिको लागि धर्म

आज संसारमा धेरै अशान्ति भइरहेको समाचार मात्र सुन्नमा आइरहेको छ । नेपाल बुद्ध जन्मभूमी भए पनि यहाँ पहिला भन्दा अशान्ति भइरहेको छ । त्यसैले विभिन्न धर्मावलम्बीहरूले शान्ति कामना गर्दै धर्मकर्म, पूजापाठ गरिरहेका छन् ।

तर बुद्ध शिक्षा अनुसार शान्ति पाउनका लागि पूजा पाठ भन्दा पनि अशान्तिको प्रमुख कारणलाई पत्ता लगाउनु बुद्धिमानी हुनेछ । अशान्तिको प्रमुख कारणलाई पत्ता लगाई त्यसलाई समाप्त नगरे सम्म शान्ति असम्भव नै हुनेछ । अशान्तिको प्रमुख कारण नै मानिसहरूमा व्याप्त रहेका अतृप्त तृष्णा र गरीबि देखिन्छ । बुद्धको भनाई अनुसार पनि समाज र देशमा हुने अपराधको मूल कारण नै गरीबि र जत्ति भएपनि नपुग्ने तृष्णा हो ।

बुद्धको अर्को भनाई अनुसार अशान्तिको अर्को कारण मानिसको बेइमानी र खराब आचरण हो । परस्पर कर्त्तव्यपालन नहुनु र चित्त शुद्ध नहुनु हो । त्यसैले बुद्धले भन्नुभएको छ, पाप कर्म नगर्नु, पुण्य कर्म गर्नुले मात्र पर्याप्त छैन हामीले आफ्नो चित्तलाई पनि शुद्ध पार्न अत्यावश्यक छ ।

गरीबि निवारण विना शान्तिको मात्र कामना गर्नु त आकाशमा महल बनाउने कल्पना जस्तो मात्र हुनेछ । बुद्धले गरीबि निवारण गर्ने बाटो पनि देखाउनु भएको थियो । आचरण शुद्धि, र त्यसको लागि चाहिने अत्यावश्यक लगानीको व्यवस्था हुनुपर्दछ । उदारहणको लागि कृषक जीवन यापन गर्न चाहने व्यक्तिलाई खेतको व्यवस्था, औजार बीऊ र सिंचाईको प्रबन्ध हुनु अत्यावश्यक छ ।

इमान्दारीपूर्वक व्यापार गर्ने व्यक्तिलाई पूँजीको प्रबन्ध गर्न अत्यावश्यक छ । व्यापारीहरू इमान्दार हुन अत्यावश्यक छ ।

राज्य कर्मचारीहरूलाई भत्ता सहितको तलबको व्यवस्था हुनु अत्यावश्यक छ भने कर्मचारीहरू पनि इमान्दार रहनु जरूरी छ ।

मजदूरहरूलाई भत्ता सहितको तलवको साथै स्वास्थ्यको हेरविचारको पनि व्यवस्था हुनु अत्यावश्यक छ । मजदूरहरु पनि आज्ञाकारी, इमान्दार र कर्त्तव्यवान हुनु अनिवार्य छ । (कूटदन्त सूत्र, मज्भिम निकाय, चक्कवत्ति सिंहनाद सूत्र)

अर्को महत्त्वपूर्ण कुराहरु यसरी रहेका छन्

१. शस्त्र अस्त्र (उत्पादन) बिक्री नगर्नु
२. मादक पदार्थ विक्री नगर्नु
३. विषालु पदार्थ नबेच्नु
४. दासताको लागि मानिसको व्यापार नगर्नु

बुद्धले भन्नुभएको थियो– "अर्कालें के गऱ्यो के गरेन हेर्नु भन्दा आफूले के गरैं के गरिन भनी ध्यान दिनु र महशूस गर्नु जरूरी छ ।"

तर आजभोली बुद्धको यस शिक्षा पालन हुन सकिरहेको देखिंदैन । अरूले शस्त्र अस्त्र उत्पादन गरेकोमा विरोध गर्नेहरू आफैले शस्त्र बनाउन भने पछि नपरेको देखिन्छ । सबैले आ-आफ्नो रक्षा गर्न चाहन्छन् । आफ्नो रक्षा गर्नु पनि अहिंसा नै हो । तर जे होस्, आ-आफ्नो कर्त्तव्यहरू इमान्दारीता साथ पूरा गरी आचरण शुद्ध, चित्त शुद्ध गर्ने कार्यमा लागी रहनु नै हाम्रो मुख्य कर्त्तव्य हो । जत्ति भएपनि नपुग्ने तृष्णालाई त्याग्नु पनि हाम्रो कर्त्तव्य हो भनी बुझी त्यसलाई पालना गर्न सकेमा हाम्रो मनमा शान्तिको उदय हुनेछ ।

# अनाशक्त

– मंगलमित्र, सत्यनारायण गोयन्का

भगवान बुद्ध सबै प्रकारका आसक्तिहरूबाट विमुक्त हुनुहुन्थ्यो । उहाँ सदैब नि:सँग र निरासक्त हुनुहुन्थ्यो । यदि कसैले कुनै वस्तुस्थिति अथवा घटना प्रति आसक्ति गऱ्यो भने उसको मनमा निश्चित रूपमा नै 'म' र 'मेरो' भन्ने भाव रहेको हुन्छ । प्रत्येक आसक्तिको मूल आधारमा 'मेरो' भन्ने भाव रहेको हुन्छ । अत: निरासक्त हुनुको लागि 'म' र 'मेरो' भन्ने भाव प्रति आसक्ति हट्नु अनिवार्य छ । जबसम्म आत्मभाव अथवा अहंभाव रहन्छ तबसम्म म भन्ने भाव रहिरहन्छ । जबसम्म 'म' को भाव रहिरहन्छ तबसम्म आसक्ति हट्दैन । अत: सही अर्थमा अनासक्त हुनको लागि आत्मभाव त्यागेर अनात्मभावमा स्थित हुनु आवश्यक छ । कोही व्यक्ति तर्क-वितर्क गरेर बुद्धिले अथवा आफ्नो परम्परागत मान्यताको कारण अन्धश्रद्धाले आत्मभाव राख्नु हुँदैन अथवा म अनासक्त छु भनी रह्यो अथवा अनात्मभाव या नैरात्म भाव-आत्म पनि छैन अनात्म पनि छैन भनेर रहिरह्यो भने यो केवल श्रुत ज्ञानसम्म मात्रै सीमित हुन्छ ।

तर भगवान सबै प्रकारका दार्शनिक मान्यताहरूबाट मुक्त हुनुहुन्थ्यो । कुनै सम्प्रदायमा प्रचलित आत्मवाद, अनात्मवाद तथा नैरात्मवादको मान्यताबाट प्रभावित हुनु हुन्नथ्यो । भगवान बुद्ध सबै प्रकारका दार्शनिक मान्यताहरूबाट टाढा हुनुहुन्थ्यो । उहाँ मान्यताको होइन कि जान्यताका धनी हुनुहुन्थ्यो । केवल मान्नु मात्र होइन जान्नुलाई अधिक महत्व दिनुहुन्थ्यो । सबै प्रकारका मान्यताहरू भन्दा माथि हुनुहुन्थ्यो त्यसैले नै उहाँ सही अर्थमा अनासक्त हुनुहुन्थ्यो, मुक्त हुनुहुन्थ्यो । भगवानको आफ्नो कुनै दार्शनिक मान्यता छैन त्यसैले कुनै किसिमको दार्शनिक मान्यताको स्थापना पनि गर्नु हुन्न ।

एक पटक वच्छगोत्त ब्राह्मणले भगवानसँग प्रश्न गऱ्यो–

- गौतम तपाईंको कुनै दार्शनिक मान्यता छ ?
- वत्स, तथागतको दार्शनिक मान्यता खत्तम भइसक्यो ।

भगवानले दार्शनिक मान्यताको उत्पत्ति कसरी हुन्छ र त्यसबाट छुटकारा कसरी पाउन सकिन्छ भनेर उसलाई राम्ररी सम्झाउनु भयो ।

त्यस समयमा भारतमा अनेक प्रकारका दार्शनिक मान्यताहरू प्रचलित थिए । ती मध्ये कुनै मान्यता संसारको उत्पत्ति र अन्त कसरी भयो र यो शाश्वत छ कि अशाश्वत छ भन्ने प्रश्नसँग सम्बन्धित थियो । कुनै मान्यता भने प्राणीको उत्पत्ति र अन्त कसरी हुन्छ तथा तिनीहरू शाश्वत छन् कि अशाश्वत छन् भन्ने प्रश्नसँग सम्बन्धित थिए ।

मान्यताहरू उत्पत्ति हुनुको एउटा कारण–

***एकच्चो समणो वा ब्राह्मणो वा आतप्पमन्वाय ...***
***तथारूपं चेतोसमाधिं फुसति, यथा समाहिते चित्ते***
*(दी.नि. १०३१, ब्रह्मजालसुत्त)*

कोही श्रमणले अथवा ब्राह्मणले तपश्या गरेर आफ्नो चित्त समाधिस्थ भएको अनुभव गर्दछ र त्यस चित्तद्वारा आफ्नो पूर्व जन्मको बारेमा थाहा पाउँदछ । समाधिको अवस्था फरक फरक हुन्छन् अत: कुनै तपश्वीले अधिक पूर्वजन्मको सत्यको बारेमा थाहा पाउँदछ भने कसैले कम । प्रत्येक तपश्वीले आ-आफ्नो अनुभवको आधारमा भिन्न भिन्न दार्शनिक मान्यता स्थापना गर्दछन् । जुन तपश्वीले जुन देवलोक या ब्रह्मलोकको साक्षात्कार गर्दछ अथवा त्यस लोकको प्रकट कसरी भयो र नष्ट कसरी हुन्छ भन्ने बारेमा देख्दछ त्यसैको आधारमा प्राणी शाश्वत-अशाश्वत हुनु र लोक शाश्वत-अशाश्वत हुने मान्यता स्थापित गर्दछन् । तपश्वीहरूको आफ्नो अनुभवको सीमा फरक-फरक हुन्छन् कसैको अधिक होला कसैको कम, त्यसै अनुसारको मान्यताहरू स्थापित गर्दछन् । यसरी समाजमा थुप्रै प्रकारका दार्शनिक मान्यताहरू भइरहे ।

यस्तो पनि हुनसक्छ कि ती तपश्वीका शिष्यहरू र उनका पनि शिष्यहरूले ध्यान गर्दै जाँदा आफ्ना गुरुहरूले गरेको अनुभवको सीमासम्म कसैले अनुभव गर्न सके त कसैको अनुभव गर्न सकेनन् । आफूले अनुभव गर्न नसके पनि आफ्नो पूर्वज गुरुको वाणीलाई सत्य मानेर त्यस मान्यता प्रति अगाध श्रद्धा अनि विश्वासको कारण पछि हुँदै जाँदा अन्धविश्वासमा परिवर्तन हुनगयो । यसै अन्धभक्तिजन्य मान्यताहरूका कारण पुन: नयाँ सम्प्रदायको स्थापना हुनगयो ।

दार्शनिक मान्यताको स्थापना हुनुको एउटा कारण यस्तो हुनसक्छ कि,–

**एकच्चो समणो वा ब्राह्मणो वा तक्की होति वीमंसी ।**
*(दी.नि. १.३४, ब्रह्मजालसुत्त)*

कोही श्रमण अथवा ब्राह्मण बुद्धिले तर्क गर्ने, विचार विमर्श गर्ने तार्किक हुनसक्छ ।

यस्तो तार्किक व्यक्तिले ध्यान गरेर केही अनुभव नगरेको हुनसक्छ, यदि अनुभव भएकै भए पनि आफ्नो तर्कद्वारा दिमागी परिश्रमद्वारा लोक र प्राणीहरु शाश्वत, अशाश्वत अथवा तिनीहरूको उत्पत्ति र अन्तको विषयलाई लिएर कुनै एउटा मान्यता स्थापित गर्दछ । बुद्धिद्वारा गरीने तर्कको पनि आफ्नै सीमा हुन्छ । अतः प्रत्येक बुद्धिवादी तार्किक व्यक्तिले आ-आफ्नो सामर्थ्यको सीमा अनुसार कल्पना गरेर छुट्टै दार्शनिक मान्यता स्थापना गर्दछन् र आ-आफ्नो तर्कले पुष्टी गरेको हुन्छ । यसरी भिन्न भिन्न तर्कको आधारमा समाजमा भिन्न भिन्न दार्शनिक मान्यताहरुको प्रचलन भएको पाईन्छ । तार्किक गुरुहरुका तार्किक शिष्य र तिनका पनि शिष्यहरूले आ-आफ्नो दार्शनिक मान्यतालाई सत्य मानेर छुट्टै परम्परा खोलेको हुन्छ । यसै विभिन्न तर्कजन्य दार्शनिक मान्यताहरूको आधारमा समाजमा भिन्न भिन्न सम्प्रदाय स्थापित भएको पाईन्छ । जस्तो-

**सञ्ञानिदाना हि पपञ्चसङ्ख**

*(सु.शि. ८८० कलहविवाद सुत्त)*

- सांसारिक प्रपञ्च सञ्ञा अर्थात् बुद्धिबाट उत्पन्न हुन्छ ।

चाहे कोही तपश्वीले गरेको सीमित अनुभूतिको कारण वा त्यसैको अन्धश्रद्धामा आधारित दार्शनिक मान्यता होस् अथवा कोही तार्किकद्वारा प्रस्तुत बौद्धिक मान्यताको कारण वा अन्य तार्किकहरुको बुद्धिद्वारा पोष्ट भएको कुनै दार्शनिक मान्यता होस् प्रत्येक मान्यता मान्नेहरुले आफ्नो सम्प्रदाय आफ्नो मान्यतालाई सही ठान्दछन् र अरूको मान्यता गलत । यसै अन्धविश्वसको आधारमा आफ्नो मनको स्वभाव बनाउँछन् र त्यसैलाई दृढतापूर्वक, आशक्तिपूर्वक समाई राख्दछन् ।

कुनै दार्शनिक मान्यतालाई स्थापित गरेर त्यसलाई पोष्ट गरिराख्नुको एउटा कारण आफू प्रतिको गहन आसक्ति हो । चाहे अरू नष्ट होऊन् तर 'म' र यो 'मेरो' आत्मा रहीरहुन्, यस आत्मा कायम रहनको लागि कुनै लोक कायम भइरहोस् भन्ने चिन्तन ज्यादै प्रिय लाग्छ । यसै मान्यतालाई पोष्ट गर्नको लागि 'म' र यो 'म' रहने लोक दुबै नित्य छ भन्ने ठान्दछ । 'म' को प्रति अर्थात् आत्माको प्रति गहन आशक्ति हुनुको कारणले नै कोही व्यक्तिले आफ्नो इच्छा अनुसार दार्शनिक मान्यता बनाउँछन् ।

आत्मभाव प्रति यति धेरै आसक्त हुने यस्तो व्यक्तिले शुद्ध धर्मको मार्गमा हिँड्यो भने यो मिथ्या दार्शनिक मान्यता टुट्छ, सारा कर्म संस्कारको निरोध हुन्छ, निर्वाण प्राप्त हुन्छ, जुन अवस्थामा म र मेरो भन्ने हुँदैन भन्ने सुन्दछ तब हड्बडाउन थाल्छ, दुःखी हुन थाल्छ । अरे, अब 'म' नै रहँदैन भने यो निर्वाणको परम सुख के कामको लागि, जुन मैले भोग गर्न नै नपाउने भयो, यस्तो चिन्तनले नै उसलाई ब्याकुल बनाउँछ । यस्तो व्यक्तिले भगवान बुद्धको निन्दा गर्दछ, भगवानको शिक्षाको निन्दा गर्दछ । विरोधीहरूद्वारा भगवान बुद्ध माथि लगाएको लान्छना सर्वथा मिथ्या थियो । ती विरोधीहरूको मान्यता अनुसार पहिले आत्माको अस्तित्वलाई स्वीकार गर्नुपऱ्यो, जब आत्मा भन्ने नै छैन भने कसरी स्वीकार गर्ने ? भगवान बुद्ध, आत्मा छ कि छैन ? भनेर स्वयंले जाँच्ने विद्या सिकाउनु हुन्छ । विपश्यनाको अभ्यासले साधक आफ्नो शरीर चित्त दुवै नश्वर अनुभव गर्दछ र यी दुवै नश्वर हुनको कारण कुनै पनि नित्य र ध्रुव आत्मा छैन भन्ने थाहा पाउँदछ । पछि पछि यो पनि स्पष्ट रूपमा थाहा पाउनेछन् कि शरीर र चित्त भन्दा पर इन्द्रियातीत अवस्थामा पनि कुनै नित्य आत्मा, सत्व या प्राणीको अस्तित्व छैन ।

जसको अस्तित्व नै छैन त्यसको उपदेश भगवान बुद्ध के दिनु हुन्छ ? भगवान बुद्धले त स्वयंले त्यस सत्यलाई जाँचेर हेर्ने उपदेश दिनुभयो, त्यो पनि कुनै दार्शनिक मान्यता अथवा कुनै सम्प्रदाय स्थापना गर्ने उद्देश्यले होइन दुःखबाट नितान्त विमुक्त हुने उद्देश्यले उपदेश दिनुभयो । भगवान बुद्ध भन्नुहुन्छ, "भिक्षुहरू म जति पनि उपदेश दिन्छु ती केवल दुःख निरोधको नै उपदेश दिन्छु जुन स्वयंले भनुभव गरेर मिथ्या मान्यताबाट सर्वथा मुक्त हुनेछन् ।

***(साभार : तिपिटक में सम्यकसम्बुद्ध-२)***

*[साभारः 'विपश्यना' पत्रिका बुद्ध वर्ष-२५४५, माघ-२०५८, वर्ष-१८, अङ्क-१०]*


## धर्मकीर्ति पत्रिलाई सहयोग

**मदुम्ह पूज्य माँ मथुरा मानन्धरया पुण्यस्मृतिस थुगु रु. २०००/- दाँ धर्मकीर्ति मासिक पत्रिकायात प्रदान यानागु जुल ।**

**त्रिरत्न मानन्धर**

चसान

# धम्मपद–१५७

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**सुसुखं वत जीवाम-वेरिनेसु अवेरिनो**
**वेरिनेसु मनुस्सेसु-विहराम अवेरिनो**

अर्थ-वैरीहरूको बिचमा हामी अवैरी भएर सुखपूर्वक जीवित भएका छौं । वैरि गर्ने मनुष्यहरू मध्ये हामी अवैरी भएर विहार गर्दछौं

**सुसुखं वत जीवाम - आतुरेसु अनातुरा**
**आतुरेसु मनुस्सेसु- विहराम अनातुरा**

अर्थ- भयभीत भएर बस्ने मानिसहरूको अगाडि हामी निर्भिक भई सुखपूर्वक बाँच्छौं, भयभीत हुने मानिसहरू मध्ये हामी भयभीत नभईकन विहार गर्छौं ।

**सुसुखं वत जीवाम-उस्सुकेसु अनुस्सुका**
**उस्सुकेसु मनुस्सेसु-विहराम अनुस्सुका**

अर्थ- आशक्त भएर बस्नेहरू मध्ये हामी अनाशक्त भई सुखपूर्वक बाँच्छौं, आशक्त हुने मानिसहरू मध्ये हामी अनाशक्त भएर विहार गर्छौं ।

घटना- उपरोक्त गाथाहरू भगवान बुद्धले रोहिणी नदिको पानीको कारण झगडा गर्न खोजेका बुद्धका आफन्तहरूको कलह शान्त पार्न आज्ञा हुनु भएको थियो ।

कपिलवस्तु नगर र कोलिय नगरको बिचमा बग्ने रोहिणी नदिमा एउटै मात्र बाँध बनाई दुबै नगरका बासिन्दाहरूले त्यसको पानी प्रयोगमा ल्याई राखेको थियो । एक साल वर्षात महिनामा पानीको अभावले धानको बाली सुक्न लागेको थियो । कोलिय नगरका किसानले भने कि " यदि यो नदिको पानी दुबै नगरतिर को खेतमा लगियो भने दुबै तिरको लागि पानी नपुग भएर दुबैको बालि बिग्रनेछ । हाम्रो धानको बाली पाक्नै लागेको छ । अतः हामीलाई नै पानी प्रयोग गर्न देओ ।"

कपिलवस्तुको किसानहरूले पनि मज्जैसँग जवाफ दिए- "तिमीहरूको अनाज गरेपछि हामी खालि झोला बोकेर तिमीहरूको घर मुनि रत्न, सुन, चाँदि, थाप्न आउन चाहन्नौं । हाम्रो पनि बालि पाक्न लागी सक्यो । हामी पहिले पानी प्रयोग गर्छौं ।" दुबैतर्फले पहिले पानी लिने कुरामा जोड दिए । यत्तिकैमा भनाभन चल्यो । हुँदाहुँदै झगडा बढ्यो र हात पनि चल्न थाल्यो । दुबै तर्फका किसानहरूको बिच नराम्रो सँग झगडा चल्यो । दुबैतर्फकाले आ-आफ्नो राज्य सरकारमा उजूर गर्न गए । पानीको झगडा बढ्दै गएर राज्य स्तरमा पुगीकन त्यहाँ दुई राज्यको बिचमा युद्ध हुनेसम्म अवस्था आईपुग्यो ।

एक दिन भगवान बुद्धले नित्य दिन जस्तै बिहान आज कसको उद्धार गरुं भनी सोच्नु भएको बेला आफ्नै आफन्त कपिलवस्तुका शाक्यहरू र कोलियका कोलियहरूको बिच रोहिणी नदिको कारणमा युद्ध हुन लागेको थाहा पाउनु भयो । बुद्धले "यदि मैले गएर तिनीहरूलाई शान्त पार्न गइन भने मेरा आफन्तहरू आ-आफू बिच नै रगतको खोलो बगाउने छन्" भनी सोची तिनीहरूको झगडा शान्त पार्न आफू एक्लै आफ्नो स्वदेश जानु भयो । युद्धको लागि तम्सेर बसीरहेका शाक्य र कोलियहरूले देख्ने गरी रोहिणी नदिनिर बस्नु भयो ।

भगवान बुद्धलाई देखेपछि तिनीहरू दुबैतर्फका राजा सहित प्रजाले आ-आफ्नो शस्त्र-अस्त्र फ्याँकेर बुद्धलाई आदरपूर्वक बन्दना गरे । बुद्धले– "यो युद्ध के को लागि हो ?" भनेर जाँच बुझ गर्नु भयो।" रोहिणी नदिको पानीको लागि" भनी जवाफ आएपछि बुद्धले भन्नुभयो–

"हे महाराजाहरू ! पानीको मूल्य कति छ ?"

"थोरै छ भो शास्ता" भनी जवाफ आयो ।

"क्षेत्रीयको मूल्य कति छ त ?"

"क्षेत्रीयको मूल्य त अत्यन्त धेरै, अमूल्य छ ।"


"हे महाराजाहरू ! अल्प मूल्यको पानीको लागि क्षेत्रीयको खोलो बगाउनु ठीक छ त ?" बुद्धको यस प्रश्नमाथि नाजवाफ भएर सबै चुप लागेर बसे । अनि भगवान बुद्धले त्यहाँ जम्मा भएका सम्पूर्ण राजा, प्रजाहरूलाई सम्बोधन गरेर भन्नुभयो - "यदि आज यहाँ तथागत उपस्थित नभएको भए तिमीहरूले आ-आफ्नै बिच रगतको खोलो बगाउँथ्यो । यस्तो अयोग्य काम तिमीहरूले गर्न लाग्यौ । तिमीहरू पाँच प्रकारको वैरभाव लिएर बाँचेका छौ । तथागत वैरभाव हीन भएर बाँचेको छ । तिमीहरू क्लेशले आतुर भएर बाँचेका छौ । तथागत क्लेश रहित भएर बाँचेको छ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो ।

धर्म देशनाको अन्तमा धेरै मानिसहरू स्रोतापन्न भए । ■

# लुम्बिनीको अशोक स्तम्भ, हाम्रो गौरव : हाम्रो सम्पदा

– घनश्याम राजकर्णिकार

बुद्धदेवको जन्म नेपालमा भएको भन्ने सबैभन्दा पुरानो प्रमाणिक दस्तावेज यहाँ स्थित अशोक स्तम्भ हो। यस्तो महत्त्वपूर्ण स्तम्भलाई स्याहार, सुसार र संरक्षण गर्न लुम्बिनी विकास योजनाले कुनै काम शुरू गरेको नदेख्दा कताकता 'हीरालाई कीरा' सम्झने हाम्रो दरिद्र मानसिकता हो कि जस्तो मनमा लाग्यो । यही परिप्रेक्ष्यमा यस स्तम्भलाई नियालेर हेर्दा देखे भोगेका र सुनेका कुरालाई संस्मरणात्मक तरिकाले यसको महिमा प्रस्तुत गर्न लालायित छु।



गहिरिएर हेर्दा यो स्तम्भ मसिनो कालो सुक्ष्मदाग भएको बलौटेढुङ्गा (Sand Stone) बाट निर्माण गरिएको देखें । आश्चर्यको कुरा त के पाएँ भने बाइस सय वर्षभन्दा बढी समयको घामपानी हुरीबतासको बाबजुद पनि यसको पालिस अहिलेसम्म चिल्लो चम्किलो रहेको छ । यसरी हालसम्म कायम भएको पालिसबाट २२-२३ सय वर्ष पहिलेका पुर्खाको प्राविधिक विशिष्टता र रासायनिक ज्ञानको उच्चता राम्ररी झल्किरहेको स्पष्ट हुन्छ। यो स्तम्भको टुप्पा देखि बीचैबीच तलसम्म केही चर्केको चिरान रहेछ । यस चिरानलाई अझ बढी हुन नदिन दुई ठाउँमा फलामको पेटीले बाँधि राखिएको छ । यसरी मौकैमा बुद्धि नपुऱ्याएको भए त्यो स्तम्भ चर्केर अहिलेसम्ममा दुई फ्याँक भइसक्ने थियो। यसो भएमा हाम्रो निधार फुटेको जस्तो नहोला भन्न सकिन्न । हाल त्यस स्तम्भको टुप्पामा यसको गोलाई भन्दा ठूलो एउटा ढुङ्गाको चक्का थपक्क राखिदिइएको छ जुन सुनमा सुगन्ध झैं भइरहेको मलाई लाग्यो । यसले एकातिर चिरानबाट पानी पसेर अरू बढी क्षति हुनबाट बचाइरहेको छ भने अर्कोतिर शिरको शोभा टोपी भने झैं यो स्तम्पको शीर्ष माग यति नै हो भन्ने आभाष राम्ररी दिइरहेको छ। अर्को कुरा यो स्तम्भ पश्चिमतिर अलि ढल्किरहेको देखें सोधपुछ गर्दा थाहापाएँ जग परीक्षणको लागि पश्चिमतिर उत्खनन भएको क्रममा त्यतैतिर अलि ढल्किन गएको रहेछ। यस स्तम्भको टुप्पामा पहिले घोडाको मूर्ति थियो भनिन्छ।

प्रसिद्ध चिनियाँ यात्री ह्वेनसाङ लुम्बिनीमा आउँदा यसको टुप्पामा घोडाको मूर्ति भएको कुरा उनले आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् । साथै हालसालै त्यतातिर उत्खनन् गर्दा घोडाको जस्तो फुटेको मूर्तिको शीर्ष अंश फेला परेको रहेछ जुन अशोक स्तम्भको बारभित्रै राखिएको छ । यी कुराबाट पहिले टुप्पामा घोडाको मूर्ति थियो भन्ने कुरा प्रमाणित हुन्छ।

त्यसपछि यो अशोक स्तम्भको अभिलेखतिर आँखा दौडाएँ । यस स्तम्भको माथितिर लेखिएको अभिलेखहरूमध्ये कुनै रिपुमल्लले त कुनै अरूहरूले पछि कुँदेका हुन् भनिन्छ । यसको मूल अभिलेखचाहिँ जमिनको सतहतिर जाँदा समयको गतिसँगै यो पुरिँदै छोपिँदै गयो। पुरातत्वविदहरूको भनाइअनुसार जंगलको रूपमा फैलिँदै गएको लुम्बिनीमा करिब ११-१२ सय वर्षसम्म अशोक स्तम्भको त्यो मूल अभिलेख जमिनमुनि पुरिएर रह्यो।

फलस्वरूप यो स्तम्भ कसले, कहिले, किन प्रतिस्थापन गरेको हो भन्ने कुरा इतिहासको पानाबाट हराउँदै बिलाउँदै गयो। त्यसपछि आजभन्दा १०५ वर्ष पहिले अर्थात् सन् १८९६ मा तत्कालीन पाल्पाका तैनाथवाला खड्गशमशेरले जंगलको रूपमा रहेको लुम्बिनीको रूख कटान गरी भारतमा निकासी गरिरहेको वेला रूख काट्ने कामदारहरूले एउटा बडेमाको स्तम्भ ठिङ्ग खडा भएको देखे । त्यसैबेला खड्गशमशेरले ३-४

वटा हात्तिद्वारा यस स्तम्भलाई उखेल्न खोजेका रहेछन् तर सकेनछन् । यो स्तम्भलाई त्यतिबेला उखेलेर नष्ट गरिदिएको भए बुद्ध नेपालमा जन्मेको लिखित प्रमाण माटोमै बिलाएर हराइसकेको हुन्थ्यो । सौभाग्यवश त्यसैबेलातिर बुद्धको जन्मस्थलको खोजनीति गरिरहेका पुरातत्वविद डा. फुहरर भारतबाट नेपालको तराईतिर घुम्दैफिर्दै आउँदा पडेरिया स्थित जनरल खड्गशमशेरको क्याम्पमा पुगेछन् र उनले संयोगवश नजिकै रहेको एउटा बडेमाको स्तम्भ देखेछन् । उनकै सल्लाहअनुसार यस स्तम्भलाई उत्खनन् गर्दा ५ हरपको ब्राह्मी लिपिको अभिलेख भेटिएछन् । त्यस लिपिको गहन अध्ययनपश्चात् १८९६ मा डा. फुहररले यो स्तम्भ अशोक स्तम्भ हो र यहाँ बुद्ध जन्मनुभएको हो भनी ठोकुवा गरे । नेपाल र नेपालीको लागि यो भन्दा ठूलो सुख, सन्तोष र गौरवको कुरा अरू के हुन सक्थ्यो ! यसैले गर्दा आज हामीले छाती फुलाएर, शिर ठाडो पारेर नेपाल बुद्ध जन्मेको देश हो भन्न पाइरहेका छौं । यसको मुख्य कारक डा. फुहररको अन्वेषणात्मक अध्ययन हो र डा. फुहररजस्ता इमान्दार अन्वेषकलाई म स-सम्मान अभिवादन गर्न हिचकिचाउन्न ।

सम्राट अशोकले बुद्धधर्म अवलम्वन गरेपछि तथा आफ्नो राज्याभिषेकको २० वर्षपछि भगवान् बुद्धको स्थल लुम्बिनीको सालबनमा आउँदा स्मृतिस्वरुप भारतबाट जतनसाथ ल्याइएको बडेमाको स्तम्भमा अभिलेख लेखी खडा गरिदिएका थिए । आफ्नो कीर्ति पनि रहोस् र बुद्धधर्मको प्रचार पनि होस् भन्ने उनको मनसाय यस स्तम्भबाट छर्लङ्गिन्छ । खुशीको कुरा के हो भने त्यतिका वर्ष पुरानो यो स्तम्भको मूल अभिलेखको अक्षर तथा शब्दहरू कुनै पनि बिग्रिएको, कोरिएको वा मेटिएको छैन यद्यपि यो अभिलेखको केही शब्दहरूबारे विभिन्न विद्वानहरूले विभिन्न अर्थ लगाएको देखिन्छ । तैपनि मूल रूपमा यो स्तम्भ सम्राट अशोकले आजभन्दा २२-२३ सयवर्ष पहिले खडा गरेको र बुद्धदेव जन्मनु भएको ठाउँ यही हो भन्ने तथ्य अकाट्य रूपमा प्रमाणित भएको छ ।

यो स्तम्भको रेलिङ बारमा लुम्बिनी विकास कोषबाट भद्धा किसिमले एउटा सूचनापाटी झुण्ड्याइ राखिएको छ । अशोक स्तम्भको मूल अभिलेखको नेपालीमा अनुदित भावार्थ त्यो पाटीमा यसप्रकार कोरिएको छ–

'देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्याभिषेकको बीसौं वर्षमा आफै सवारी भइबक्स्यो । यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुंगाको एउटा प्रचीर बनाउन लगाइबक्स्यो र एउटा शिलास्तम्भ स्थापना गरिबक्स्यो । यहाँ भगवान्को जन्म भएकोले लुंमिनी गाउँको बलि (कर) घटाई आठौं भाग गरि बक्स्यो'

माथि भनिएझैं अशोक स्तम्भको अभिलेखबाट भगवान बुद्धको जन्म लुम्बिनीमा भएको हो भन्ने कुरा निर्विवाद सत्य भैसकेको हो । यसमा शंका-उपशंका गर्नुपर्ने ठाउँ छैन । तैपनि वेलावखतमा भारतका धूर्त पुरातत्वविद्हरू बुद्धको जन्म भारतमा भएको हो भनी विभिन्न झुठ्ठा प्रमाणहरू अघि सारी प्रचार प्रसार गर्नमा तल्लीन देखिएका छन् । यस्तो स्थितिमा नेपाली मात्रले आफ्नो हकको हिफाजत गर्न सर्वप्रथम लुम्बिनी सम्बन्धी अध्ययन अनुसन्धान गर्नु आजको नितान्त आवश्यकता भएको छ ।

लुम्बिनीमा गुरुयोजना कार्य सुरु भएको दुई दशकभन्दा बढी भैसक्यो । यसको लागि विदेशी सहयोगबाट करोडौं लगानी भैसक्दा पनि जुनरुपमा लुम्बिनीको विकास हुनुपर्ने थियो त्यो नभएको मैले प्रत्यक्ष देखें । सोचेर हेर्दा पछौटे कार्य प्रणाली, दरिद्र मानसिकता र पंगु बुद्धिको प्रतिफलस्वरुप आजसम्म लुम्बिनीले आफ्नो चेहरा हँसिलो पार्न नसकेको यसपालिको लुम्बिनी भ्रमणमा मलाई अनुभव भयो । ■

★ बौद्ध साहित्यमा प्रचलित अन्य सम्प्रदायका साधुहरू जनाउने केही शब्दहरू यस प्रकार छन् -

| | |
|---|---|
| *तिर्थंकर* - अबौद्ध साधुहरू | *निर्ग्रन्थ* - कुनै ग्रन्थ नमान्ने (=**जैन** साधुहरू) |
| *अचेलक* - नग्न साधुहरू | *परिव्राजक* - वस्त्र लगाउने साधुहरू |
| *आजीवक* - घुमन्ते साधुहरू | *जटिल* - जटाधारी साधुहरू |

*( साभार: **बौद्ध दर्पण** )*

# श्रमण नारद–३

*लेखक: श्रीयुक्त नाथुराम प्रेमी*
*अनुवादक: प्रकाश बज्राचार्य*

"कदन्त भन्ने एक खुँखार डाँकु थियो । उसले आफूले गरेको दुष्टकर्मको प्रायश्चित नगरिकनै मऱ्यो । यसले गरेर ऊ नरकमा गएर दुःख भोग्न जानु पऱ्यो । आफूले गरेको कुकर्मको फल अनुसार दुःख भोग्नु पऱ्यो, तर दुःखको अन्त भएन । त्यसैबेला संसारमा भगवान् बुद्ध जन्मनु भयो । यस शुभ अवसरमा उहाँको करूणा रश्मि नरकसम्म पनि पुग्यो । 'अब त दुःखको अन्त हुन लाग्यो' भन्ने नरकगामीहरूलाई विश्वास भयो । यस रश्मिलाई देखेर कदन्त चिच्यायो, 'हे भगवान, दया गर्नोस्, ममाथि करूणा दृष्टि राख्नुस्, म यहाँ यति दुःख चक्रमा फँसेको छु कि बयानै गर्न सक्दिन । यदि म यस दुःखबाट मुक्त भएँ भने म अवश्यै सत्यमार्गमा लाग्ने छु । हे भगवान्, मलाई दुखबाट मुक्त हुन मद्दत गर्नोस् बाटो देखाइ दिनोस् ।"

"यो स्वभाव धर्म हो कि खराब काम गर्नेको भलो हुँदैन । पापकर्म नैतिक नियमलाई सुहाउँदैन वा मिल्दैन । त्यसैले कुकर्म गर्नेहरू धेरै टिक्न सक्दैन । उसको अवश्य नाश हुनेछ । तर असल कामले पछिसम्मन् भलो भैराख्छ अथवा सुकर्म गर्नेको जीवन सँधै राम्रो भइराख्छ । किनकि यो स्वभाव धर्म हो । अर्थात् पापकर्मले नाश हुन्छ, पुण्य कर्मले भलो हुन्छ ।

"जसरी एउटा बाजरा भन्ने बीउबाट हजारौं विरुवा उम्रन्छ र पछि पनि असंख्य विरूवाहरू उम्रिराख्छन् त्यसरी नै अलिकति असल कामले पनि हजारौं सुकर्म उत्पन्न हुन्छन् । यसरी परम्परा बस्दै गएपछि सँधै असल काम मात्रै देखा पर्नेछ । यस्ता सुकर्मले गर्दा जन्म जन्मान्तरसम्म दृढता प्राप्त हुनेछ । अनि अन्तमा बुद्ध भई निर्वाण प्राप्त गर्नेछ ।

"कदन्तको विलाप सुनेर करूणाको सागर बुद्धले भन्नु भयो, "के तिमीले कुनै प्राणीप्रति अलिकति भए पनि दया गरेका छौ ? जब तिमीमा चाँडै करूणा उत्पन्न हुनेछ अनि तिमीले दुःखबाट मुक्त हुने प्रयत्न गर्नेछौ । तर जबसम्म तिम्रो मनमा रहेको घमण्ड, क्रोध, छलकपट, ईर्ष्या र लोभ नष्ट हुँदैन, त्यतिवेलासम्म तिमी सम्पूर्ण दुःखबाट मुक्त हुन सक्दैनौ ।"

"कदन्त धेरै रिसाहा रहेछ, त्यसैले ऊ यो उपदेश सुनेर चुपलागिराख्यो । भगवान् बुद्ध सर्वज्ञ हुनुहुन्छ । उहाँले कदन्तको पूर्वकर्म हत्केलामा रहेको अमला झैं प्रष्ट देख्नु भयो । उहाँले यो पनि देख्नु भो कि कदन्तले एकपल्ट अलिकति दयाभाव राखेको थियो । एकदिन एउटा जङ्गलबाट गइरहेको बेला अगाडि एउटा माकुरो देखेर विचार गरेको थियो कि यो माकुरोलाई कुल्चेर जानु हुँदैन किनकि यो निरापराधिनी निर्दोषी छ । अनि भगवान् बुद्धले कदन्तको दशा देखेर मायालागी एउटा माकुरोलाई जालोसँगै नरकमा पठाउनु भयो । माकुरोले कदन्तकहाँ गई भन्यो, "मेरो जालो समात, यही पक्रेर माथि चढ ।" यति भनेर माकुरो लोप भयो । अनि कदन्तले धेरै प्रयास गरेर त्यही माकुरोको जालो पक्रेर माथि चढ्न शुरू गऱ्यो । शुरूमा त जालो बलियो, देखिन्थ्यो, तर पछि हुँदै कमजोर हुँदै गयो । कारण, नरकमा बस्ने अरू पनि कदन्तको पछि पछि त्यही जालो समात्दै चढ्दै थिए । कदन्त डरायो । उसले सोच्यो कि जालो लम्बिदै छ । यसले अवश्यै मेरो बोझ सम्हाल्न सक्छ । अहिलेसम्म कदन्तले माथि मात्रै हेर्दै थियो, तर उसले तल पनि एकपल्ट यसो हेऱ्यो । जब उसले हूल हूल नरकगामीहरू आफ्नै माकुरोको जालोमा समात्दै उक्लिराखेको देख्यो, अनि उसलाई धेरै चिन्ता लाग्यो कि यिनीहरू सबैको बोझ कहाँ सम्हाल्न सक्ला र ? आत्तिएर ऊ तुरन्तै चिच्यायो, "यो धागो मेरो हो, तिमीहरू सबैले यो धागो छाडिदेऊ ।" अनि त, यी शब्द भन्नासाथै माकुराको जालो चुँडियो । कदन्त फेरि नरकमै खस्यो ।

"कदन्तको शरीर माया र अहंभाव छुटेको थिएन । उसले आफू एक्लै मात्रै पार हुन खोज्यो, साँच्चैको सत्य मार्गको ज्ञान पाएको थिएन । आध्यात्मिक उन्नतिले नै सिद्धिप्राप्त हुन्छ भन्ने उसले बुझेको थिएन । उसले हेर्दा माकुरोको जालो मसिनो थियो तर यतिको बलियो थियो कि हजारौं मान्छेलाई सम्हाल्न सक्थ्यो । यति मात्रै होइन, त्यसको एक अर्को विशेषता यो थियो कि जति जति त्यसमाथि चढिन्थ्यो त्यति त्यति त्यसको भरोसामा चढ्नेले बढि मेहनत गर्नु पर्दैनथ्यो; तर जब मनमा यो भावना आउँदथ्यो कि यो बाटो मेरै मात्र हो- सत्यमार्गमा गएको फल मैले मात्रै पाउनु पर्छ, त्यसमा अरूको भाग हुनुहुन्न, अनि चाहिं सुखको धागो चुडिन्थ्यो र त्यो मान्छे तुरन्तै स्वार्थको खाल्डोमा खस्दथ्यो । स्वार्थता नै नरकवास हो अनि निस्वार्थी हुनु नै स्वर्गवास हो । हाम्रो मनमा रहेको जुन अभिमान र माया मोह हो, त्यही नरक हो ।

भिक्षुको कथा सकिनासाथ मर्न लागेको डाकुले भन्यो, "म पनि माकुरोको जालो समात्छु र भयङ्कर नरकको खाल्डोबाट फुत्कन सकेसम्म प्रयत्न गर्नेछु ।

{ छ }

केहीबेर चुप लागेर डाँकुले फेरि भन्यो, "पूज्य भन्ते सुन्नुहोस् मैले तपाईंको अगाडि आफ्नो पापको प्रायश्चित गर्न लागेको छु । म पहिले कौसाम्बीको एक प्रसिद्ध हिरामोति व्यापारी पाण्डुकहाँ नोकर थिएँ । मेरो

नाम महादत्त हो । एकपल्ट उसले मलाई धेरै अन्याय र अत्याचार गऱ्यो । त्यसैले मैले उसको नोकर छाडी डाँकुहरूको दलमा गई सरदार बन्न गएँ । केही दिन पछि मैले आफ्ना जासुसहरूबाट यो सुनें कि पाण्डु व्यापारी थुप्रै हिरामोति लिएर यही जङ्गलबाट राजाकहाँ जाँदैछ । सुनिराखेको जस्तै ऊ यहाँ आउनासाथ उसलाई पक्रेर कुटी उसको माल जम्मै लुटेर लिएँ । भन्ते, अब तपाईं पाण्डु सेठकहाँ गई उसले गरेको अपराध जम्मै बिर्सिदिएँ, वैरभाव जरैदेखि उखेली फालिसकें, फेरि उसको धन लुटेकोमा पनि माफी माग्दैछु भनी मेरो तर्फबाट कृपा गरी भनीदिनोस् । त्यो सेठकहाँ म नोकर छँदाखेरि उसको मन पत्थर झैं कठोर थियो, त्यसैले म पनि उसको पछि लागेर त्यो जस्तै कठोर हृदयको बनें । त्यो साहुको विश्वास थियो कि संसारमा स्वार्थीको मात्रै जय हुन्छ शुभ हुन्छ । तर मैले सुनें कि त्यो साहु अब धेरै धर्मात्मा र परोपकारी बनी अरूलाई हितहुने काममा संलग्न भइराखेको छ । त्यसैले मानिसहरूले उसलाई उपकारी र न्यायको अवतार माथि राख्यो । अहिले उसले त्यस्तो धन सञ्चित गर्दैछ जुनकि न चोरले चोर्न सक्छ न नाश नै हुन्छ । म पनि अहिलेसम्म खराब काममा भुलिराखें, तर अबदेखि यस्ता पापकर्म गरेर अन्धकारतिर लाग्ने छैन । मेरो हृदय परिवर्तन भयो । अब मैले खराब इच्छालाई भित्रैदेखि साफ गर्छु । अब मेरो मर्ने बेला आइसक्यो । यसैले मर्नु अघि सुकर्म गर्नु पऱ्यो, पुण्य कमाउनु पऱ्यो जसले कि मरिसकेपछि म सुगतिमा पर्ने छु । त्यसैले तपाईं चाँडै पाण्डु सेठकहाँ गई भन्नोस्कि उसको बहुमूल्य हिरामोति जडेको श्रीपेच र अरू पनि बहुमूल्य वस्तु सबै यहींको गुफामा गाडिराखेको छ, आएर लग्नोस् । यो कुरो मेरो विश्वासी साथीहरू दुईजनालाई मात्रै थाहाथियो, अहिले उनीहरू दुवै मरिसक्यो ।

"यदि मबाट एउटै मात्रै राम्रो र न्यायपूर्ण काम भएमा पनि त्यसबाट मैले गरिराखेको पाप केही मात्रामा भएपनि कम हुनेछ, अनि मेरो मनमा रहेको धूलो (क्लेश) अलिकति भएपनि सफा हुन्छ । यसले गरेर मोक्षमार्गमा जानलाई उपयोगी हुनेछ, त्यसैले जति सक्यो उति चाँडै मर्न अगाडि असल काम गर्नु परेको छ ।"

त्यसपछि महादत्तले पाण्डु सेठको मालसामान लुकाई राखेको गुफाको ठेगाना सबै राम्रोसँग भनेर श्रमणलाई वन्दना गरेर प्राण छाड्यो ।

## { सात }

कौशाम्बी गई श्रमण महात्माले पाण्डु सेठलाई सबै कुरा सुनाइदिए । पाण्डु सेठले तुरन्तै धेरै सिपाहींहरू साथ लिई गुफामा गई आफ्नो सबै माल हातमा पाऱ्यो अनि पछि डाकुँको सरदार महादत्त र अरू डाँकुहरूको मृत्युसंस्कार गरिदियो । त्यतिबेला महादत्तको लास जलाईरहेको ठाउँमा गई महादयावान र गुणवान् भिक्षुले यसरी उपदेश दिए–

हामी सबैले जुन आफूले कुकर्म गर्छौं, त्यसको फल आफैले नै भोग्नु पर्दछ । फेरि ती खराब बानीलाई हामी आफैले हटाउन सक्छौं, स्वयं शुद्ध हुन सक्छौं । अर्थात् शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ अरू कसैले हामीलाई पवित्र पार्न सक्दैन, पापबाट मुक्त गर्न सक्दैन । हामी आफैले कोशिश गर्नु पर्दछ । यही नै भगवान बुद्धको उपदेश हो ।

"हाम्रो कर्म ब्रह्मा, विष्णु, ईश्वर वा अरू कुनै देवताले बनाएको होइन । ती जम्मै कर्म हामी आफैले गरिराखेको कर्मको फल हो । आमाको गर्भमा जस्तै हामीले आफ्नै गर्भस्थानमा अवतार लिदैछौ, अनि त्यही कर्मले हामीलाई चारैतिरबाट बाँधिराखेको छ । हामीले गरिराखेको कर्महरूमा खराब कर्म हाम्रो लागि कलंक नै भयो, अनि असल कर्म आशीर्वाद जस्तै हो । यसरी हामीले गरिराखेको कर्मको बीचमा नै निर्वाण प्राप्त गर्ने साँचो लुकिराखेको छ ।"

पाण्डु सेठले आफ्नो धन सबै कौशाम्बी लग्यो, र विवेकपूर्वक उक्त धनको सदुपयोग गऱ्यो । आफ्नो व्यापारको क्षेत्र पनि बढायो । यसो गरेर बढि लाभ भएको धन जम्मै उदार हृदयले परोपकारको काममा खर्च गऱ्यो ।

एकदिन ऊ मरणासन्नमा पुग्यो । त्यो बेला उसले आफ्ना छोरा छोरी र नाति पनातिलाई नजीक बोलाई भन्यो, "प्रिय सन्तानहरू, कहिल्यै पनि कुनै काम निराश भएर नछाड । यदि गरेको कुनै काममा सफलता प्राप्त भएन भने अरू कसैलाई दोष नदेऊ । आफ्नो असफलता र दु:खको कारण आफ्नै ढङ्ग र बुद्धि नभएकोले भएको हो भन्ने सम्झी गल्ति हटाउने प्रयत्न गर्नु पर्दछ । यदि तिमीहरूले आफ्नो अभिमान र अहंकारको पर्दा हटाउन सके दु:खको कारण तुरुन्तै पत्ता लाग्नेछ, अनि दु:खबाट मुक्त हुने मार्ग पनि देखा पर्नेछ । दु:ख हटाउने उपाय पनि आफ्नै हातमा छ । तिमीहरूको आँखा अगाडि अविद्या र मायाको पर्दा नआवोस् । यसबारे सँधै होशियार रहनु पर्दछ । अनि जुन मलाई साँच्चै अनुभव भएको सत्य सिद्ध भएको वाक्य छ त्यो दिनहुँ सम्झिराख्न योग्य छ । ती वाक्य हुन्–

जसले अरूलाई दु:ख दिन्छ उसले आफूले आफैलाई दु:ख दिएको हुन्छ । अनि जसले अरूको भलो गर्छ, आफूलाई पनि भलो गरेको हुन्छ ।

अहंकारको पर्दा हटनासाथ सजिलैसित सत्यमार्ग प्राप्त हुनेछ ।

यदि तिमीहरूले मेरो यो वचन सम्झेर व्यवहारमा पनि लागू गर्ने अभ्यास गर्दै लगेमा मर्नलाग्दा पनि तिमीहरू सुगतिको छायामा पर्नेछ, अनि यसले गरेर तिमीहरूको जीवन अमर हुनेछ ।" ■

## साधुवाद !

२०५९ पौष २४ तदनुसार जनवरी ८ का दिन मेरो मृगौला प्रत्यारोपण सम्बन्धी शल्यक्रिया कार्य सफलतापूर्वक सम्पन्न गरी फागुण १ गतेका दिन सकुशल काठमाडौं फर्कन पाएको समाचार यहाँहरूलाई सुनाउन पाउँदा मलाई खुशी लागेको छ । उक्त कार्य सफल पार्नको लागि मलाई यथा श्रद्धा आर्थिक सहयोग प्रदान गर्नुहुने महानुभाव एवं संघ संस्थाहरू यसरी रहेको थियो ।

१. धम्मवती गुरुमां सहित उहाँको आह्वानमा आर्थिक सहयोग दिनुहुने धर्मकीर्ति विहारका उपासक उपासिकाहरू
२. द्रव्यमान सिंह (भाइराजा), बसुन्धरा तुलाधर परिवार ।
३. पद्मकीर्ति विहारका उपासक उपासिका परिवार
४. बुद्ध विहारको आर्थिक कोष
५. शाक्य सिंह विहार परिवार
६. स्व. उपासिका चम्पावतीका नाती नातिनीहरू

शल्यक्रिया सफल भई सकुशल नयाँ जीवन लिई स्वदेश फर्कन पाएकोले आर्थिक सहयोग दिनुहुने धम्मवती गुरुमां प्रमुख सबै दाताहरू लगायत सँस्थाहरूलाई साधुवाद व्यक्त गर्दछु ।

कमला गुरुमां
**पद्मकीर्ति विहार,** कमल पोखरी

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

**मेत्ता सेन्टर बनेपा ध्यानकुटी बाल आश्रमलाई आर्थिक सहयोग दिनेहरू:–**


| | |
|---|---|
| स्व. पूर्ण चन्द्र शाक्यको पुण्यस्मृतिमा | |
| जुजुकाजी शाक्य, बनेपा | रु. २५००।- |
| गत अंकमा छुटेको दुई जनाको नाउँ | |
| सप्तमान वज्राचार्य | रु. ५०५।- |
| कपिल बाबा बज्राचार्य | रु. ५०५।- |
| स्व. प्रसन्न स्थापितको पुण्यस्मृतिमा | रु. ५००।- |
| श्रीमती मल्लिका, श्रीलंका | रु. १०००।- |
| तीर्थदेव मानन्धर, वृद्धाश्रम | रु. २००।- |

## शुभ-कामना !

पद्मकीर्ति विहार कमल पोखरीका प्रमुख कमला गुरुमाँ भारतमा स्वास्थ्य उपचार गर्नुभई २०५९ फागुण १ गतेका दिन सकुशल नेपाल फर्कनु भएको खुशीको खबर सुन्न र सुनाउन पाएकोमा धर्मकीर्ति विहार परिवार लगायत धर्मकीर्ति पत्रिका परिवारले हृदयदेखि खुशी प्रकट गर्दै उहाँको स्वास्थ्यको उत्तरोत्तर प्रगतिको कामना पनि गरेको छ ।

# बुद्ध धर्मसङ्घको प्रतीक तथा मृगहरू

*– मिलन शाक्य*



नेपाली धर्म समवाय कलामा प्रतीकात्मक प्रतिबिम्बहरूको प्रयोग कर्मकाण्ड र ज्ञानकाण्डमा विभक्त संस्कृत वाङ्मयको प्रभावभन्दा पहिले अथवा पछि पऱ्यो ? यसको निष्कर्ष अनुसन्धानको विषय हो । प्राचीन नेपाली बौद्धकला दर्शनको इतिहासमा कलात्मक रूप व्यञ्जन एवम् धर्म प्रतिविम्बलाई प्रतिकात्मक अभिव्यञ्जनद्वारा व्यक्त गर्ने परिपाटीको इतिवृत्त बौद्धलेखन परम्परासँगसँगै भएको देखिन्छ । बौद्ध धर्मका सूत्रहरूलाई अभिलेखन गर्ने परम्परासँगसँगै कलात्मक अभिव्यञ्जनमा रूप भर्ने परिपाटीले साँचीको तोरणकला, भरहुतको अभिव्यञ्जन कलाको आदर्शलाई अनुशीलन गर्दै अजन्ताको भित्ते चित्र तथा गुफाकलाले बौद्ध विहार वास्तुकलामा गन्धकुटी शैलीको गन्धुरी भट्टारक संस्कृति नेपाली प्राचीन बौद्ध जनमानसले पायो । बुद्धको जीवनकालमै बुद्धले स्वयम् निषेध गर्दागर्दै आनन्द भिक्षुको अनुरोधमा 'भिक्षुणी' हुन नारीहरूले पनि बौद्धसङ्घमा प्रवेश पाए झैं कला र वास्तुकलाले पनि विहार, आराम र गुफा संस्कृतिसँगसँगै आफ्नो अस्तित्व भेटाएको थियो । त्यसैले इतिवृत्त, स्वरूपमा कलाको परिभाषा बौद्ध बाङ्मयले स्वीकारेको पाइन्छ ।

भगवान् बुद्धको बुद्धत्व प्राप्तिपछि आफ्ना पूर्व सहकर्मीहरूलाई आफूले पाएको बुद्धज्ञान- 'बोधिज्ञान' र 'निर्वाण' विषयमा प्रशस्त गर्न प्राचीन मृगदावनमा प्रवचन गरेको प्रथम धर्मदिशना धम्मचक्क पवत्तन सुत्तका रूपमा चिरस्मरणीय बन्यो । धर्मचक्र प्रवर्तन अर्थात् पञ्चभद्रवर्गिय ब्राह्मणहरूले बुद्धको ज्ञानमा आस्था राखी उनका प्रथम शिष्यत्व स्वीकार गरेको घटनाले बौद्ध संस्कृति एवम् बौद्धकला इतिहासमा महत्त्वपूर्ण भूमिका राख्दछ । किनभने बुद्धज्ञानको पहिलो प्रवचन तथा बौद्ध दर्शनको गम्भीर प्रदर्शनलाई प्रथमभाषित एवम् व्याकृत-प्रतित्यसमुत्पाद दर्शन, अष्टाङ्गिक मार्ग र चार आर्यसत्यको प्रतिसंभाषणले व्यवहारकृत हुने पहिलो सुअवसर पनि यसलाई मानिन्छ । साथै, बुद्ध जो पहिले शाक्य कुलपुत्र सिद्धार्थ गौतम थिए, धर्म अथवा बुद्धको प्रवचनमा व्याकृत, छ वर्षको कठीन तपद्वारा आर्जित (बौद्ध गया, उरुबेलामा लाभ गरेको) बोधिज्ञानका विषय र सङ्घ, अथवा बुद्धत्व प्राप्त गरेको सिद्धार्थ गौतमको मत अनुसरण गर्ने परि व्राजक समूह जसलाई पछि भिक्षु सङ्घ भनियो । उपयुक्त तीनै स्वरूपको उद्भव पनि यहीं भयो । यसलाई सरल भाषामा भन्नुपर्दा- बुद्ध, धर्म र सङ्घको पहिलो उद्घोषण भएको त्रिरत्न उद्भव गर्त स्थलका रूपमा सारनाथ, मृगदावन अथवा ऋषिपतनको महत्व असीम छ ।

प्रथम बुद्धघोषको प्रतीकका रूपमा, बुद्धले आफ्नो ज्ञान बोधिज्ञानलाई चक्रको उपमा दिएर सम्झाएको हुनाले धर्मको प्रतीक चक्र बन्यो । मृगहरू विचरण गर्ने वनको शान्त वातावरणमा दिइएको ज्ञान हुनाले दुई मृगको प्रयुक्ति प्रतीकात्मक कलामा स्थलगत प्रतिविम्बस्वरूप समायोजन गरी बौद्ध प्रतिकात्मक प्रतिबिम्बस्वरूप कला अभिव्यक्तिभित्र विशेष स्थान प्राप्त भयो ।

प्राचीन नेपाली कला परम्परामा उपयुक्त आधार-भूत ज्ञानले ओतप्रोत कलात्मक प्रतीकहरू ढुङ्गे कलामा उत्कीर्ण भएका थुप्रै नमुना भेटिन्छन् । ती मध्ये एक माथि चित्रमा कोरिएको काठमाडौं ह्युमतटोलस्थित टुकँबहालको चैत्यको पेटीमा अवस्थित प्रस्तरफलक चित्र- आठौं शताब्दीतिरको नेपाली बौद्धकला नमूनाका रूपमा प्रस्तुत छ । चित्रमा गतिशील चक्रका स्वरूपलाई ठाडोरूपमा व्यक्त गरेर प्राचीन कला प्रवीण कलाकारले

द ल अफ फोर सर्टेनिगद्वारा प्रतित्यसमुत्पादको ज्ञान अर्थात् द ल अफ डिपेन्डेन्ट ओरिजनेसनको भावलाई व्यक्त गरिएको देखिनाले, प्राचीन नेपाली कला सिद्धान्तको इतिहासमा यस प्रतिकात्मक कलाले महत्त्वपूर्ण भुमिका राख्दछ । अझ नेपाली कलाविधानको ओझेल परम्परामा सैद्धान्तिक प्रकाशनको महत्त्व प्रदान गर्दछ । लिच्छविकालीन कलामा प्राय: विहारको भाव व्यक्त गर्न युगल सावक (मृगका छावा) र धर्मचक्रको प्रयुक्ति भएको पाइन्छ तर यसरी छड्केरूपमा गतिशील चक्रको प्रयुक्ति भारतमा केवल जैनकलामा भेटिन्थ्यो । नेपालमा बौद्धकलाले चक्रमा आठवटा धुरीलाई अष्टाङ्गिक मार्गको प्रतीक, बाह्र धुरीलाई द्वादश अङ्गानि प्रतित्य समुत्पादको प्रतीक मानने प्रचलन छ । बुंगमतीको अंशुवर्माको शिलालेखको शीर्षचित्रबाट थालनी भएको बौद्ध धम्मचक्र अग्रश्रावक चिन्हले लिच्छविकालीन नेपालमा बौद्ध संस्कृतिको प्रतिध्वनि दिन्छ । लिच्छवि लिपिशास्त्रको कलापक्षमा कुटिलता र जटिलता प्रतिध्वनि कुटाक्षरले दिए झैं, शीर्षचित्रमा चक्र चिन्हको वरिपरि मृगले-धर्मचक्र प्रवर्तन सूत्रको संस्मरण ताजा गराउँदछ । टुकँबहालको माथिको चित्रको हाराहारीमा पाटन मङ्गलबजारमा पाइएको हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको अर्को एक लिच्छविकालीन फलकमा यस्तै धर्मचक्र मृगका जोडी र भक्तहरूको चित्राङ्कन भएको पाइन्छ । अंशुवर्मापछिका कुटिल लिपिसँगसँगै यस्ता चित्रको अनुकरणले बुद्धधर्मको इतिहासमा यिनको समयलाई विशेषरूपमा अध्ययन गर्न प्रेरणा प्रदान गर्दछ । स्मरणीय छ, सम्राट अशोकले धम्मलिपि (ब्राह्मी) सँगसँगै बौद्ध धर्मको प्रतीक चक्र र चार सिंह (शाक्य सिंह) बुद्धका चतुर्दिकघोषका प्रतीक आफ्ना धर्मस्तम्भहरूमा ठाउँ दिएर प्रतिकात्मक कलाको सूत्रपात गरे झैं नेपालमा अंशुवर्माले अग्रश्रावक धर्मचक्र र कुटिललिपिको प्रचलनद्वारा आफू अशोक झैं धर्मराज हुने महत्त्वाकाङ्क्षाको प्रदर्शन हुनसक्छ । साथै वंशावली परम्पराले अंशुवर्मालाई भृकुटीका बाबु मानेर तिब्बतमा बौद्ध धर्म र नेपालको वैवाहिक सम्पर्क सेतु कायम राख्ने राजाका रूपमा उल्लेख गरेको पाइन्छ । त्यसैले लोकनाथ संस्कृतिमा चाकुवा : द्यः धर्मराज अंशुवर्माकै प्रतिकात्मक प्रतिविम्ब मानिन्छ । ■

# अनिच्चावत संखारा

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमोसुखो**



*जन्ममिति :*
वि.सं. १९७६

*दिवंगत मिति :*
वि.सं. २०५९ पौष २७ गते

## शील शोभा तुलाधर

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य शील शोभा तुलाधर मिति २०५९ पौष २७ गते ८३ दँया वैशय् दिवंगत जुयादीगुलिं वयक:या छयँजःपिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण यायफयमा धकाः कामना यानाच्वना । साथय् वयक:या गुणानुस्मरण यासे संसारया अनित्य स्वभावयात लुमंका च्वना ।

**धर्मकीर्ति पत्रिका परिवार**

*आयोजक-*

हाम्रो छलफल कार्यक्रममा आज त नयाँ सहभागीहरूको संख्या थुप्रै देखिएको छ नि ! कहाँबाट आउनु भएको होला यहाँहरू ?

*सहभागी-*

हामी त धादिङ्ग निवासी तामाङ्गहरू हौं । तपाइँहरूको छलफल कार्यक्रममा राम्रा राम्रा विषयहरू बारे प्रश्नोत्तर गरिन्छ रे भन्ने सुनेर आएका नि हामी । प्रश्न पनि गरि हालौं न हुन्न र ? गौतम बुद्धले अवतार लिनु हुन्छ रे भन्ने वारे हामीलाई ज्यादै भ्रम परिरहेको छ । त्यसैले यहाँहरूले यही विषयको भ्रम निवारण गरिदिनु भए बेश हुने थियो ।

*आयोजक-*

प्रश्न त गहकिलो नै गर्नु भएको रहेछ । तर यस विषयमा उत्तर दिन भने अलि अप्ठ्यारै पर्छ हामीलाई के गर्नु ?

तपाईंहरूले सुन्नु भएकै होला त्रिपिटक भनेको बुद्ध वचनहरूको संग्रह पुस्तक हो । यो पालि भाषामा लेखिएको पुस्तक हो । तर उक्त पुस्तकमा कहिं कतै पनि बुद्धले अवतार लिनु भएको भन्ने विषयमा उल्लेख गरि एको पाइँदैन । बुद्धत्त्व लाभ गर्नुभएपछि बुद्ध स्वयंले भन्नु भएको थियो "मैले अब फेरि जन्म लिन पर्दैन । फेरि फेरि जन्म लिन लगाउने हेतु (कारण) तृष्णालाई मैले नाश गरिदिएँ ।"

त्यसैले बुद्ध बनिसकेका महापुरुषका लागि र जन्म मरण चक्रबाट मुक्त भइसकेका सत्पुरुषहरूका लागि यो अवतार लिने शब्द र धारणा नै निरर्थक भइसकेको हुन्छ । बुद्धका सही अनुयायीहरूले अवतार-वादलाई मान्दैनन् । उनीहरूले त आचरण शुद्धिमा मात्र विश्वास गर्छन् । वर्तमान जीवन शुद्ध र स्वच्छ पार्ने कार्यलाई प्राथमिकता दिने तर्फ मात्र विश्वास गर्छन् ।

*सहभागी-*

हाम्रा लामा गुरुहरूले पूजा पाठ गर्ने बेलामा मानिसको खप्परमा रक्सी राखी प्रसादको रूपमा खाने गर्छन् । यो प्रथा अन्धविश्वास होईन र ? बुद्धले यस्तो प्रथालाई धर्म मान्नु भएको छ र ?

*आयोजक-*

वास्तवमा ठीक वेठिक छुट्टाउने शक्ति हामीमा नभएको र गुरु परम्परालाई मात्र आँखा चिम्लेर मान्दै आउने प्रथाको कारणले नै हामीमा यस्ता विकृतीहरू देखा परेका हुन् । जहाँसम्म हामीलाई लाग्छ यी प्रथाहरू शुद्ध बुद्ध धर्म होइन । शुद्ध बुद्ध शिक्षामा यस्ता अन्धविश्वासी धारणा पटक्कै देखिँदैनन् ।

*सहभागी-*

भिक्षुहरूको विहारहरूमा पनि थरीथरीका पूजा सामानहरू राखी बुद्ध पूजा गर्ने चलन छ नि अहिले पनि । किन होला ?

आयोजक-

बुद्ध शिक्षा बाहिरका (अबौद्ध परम्परावादी) संस्कारमा परिसकेका व्यक्तिहरूको मन कमजोर भइसकेकोले होला । ती कमजोर मन भएका व्यक्तिहरूले पूजापाठबाट आफ्नो भलो हुन्छ कि भन्ने विश्वास गरी यसैलाई परम्परा बसाल्न थालेको देखिन्छ । तर बुद्धको शुद्ध शिक्षामा यस्ता अन्धविश्वासी कुराहरू छैनन् । जहाँसम्म हामीलाई लाग्छ, तिब्बती भाषाको तञ्जुर कञ्जुर भन्ने त्रिपिटकमा पनि यस्ता कुराहरू छैनन् होला । ठूलठूला बिद्वान लामाहरूले यस्ता कुराहरूमा विश्वास गर्दैनन् । चिनियाँ भिक्षुहरूमा पनि यस्ता विकृतिहरू देखिन्दैनन् । हुनत उनीहरूमा पनि हाल अन्धविश्वासी भावनाहरू नआएका होइनन् । त्यसैले उनीहरू पनि देवदेवीहरूको भक्तिमा लागेका देखिन्छन् । उनीहरू मात्र होइन थेरवादीहरूमा पनि महायानी विचार धाराहरू गाभिसकेको देखिन्छ ।

*सहभागी-*

यस्ता अन्धविश्वासी भावनालाई हटाउन के गर्नुपर्छ होला, के हामीले यस्ता अन्धविश्वासलाई हटाउन सक्दैनौं र ?

*आयोजक-*

व्यापाक रूपमा विज्ञानको प्रचार भएको खण्डमा त अन्धविश्वास हट्न सक्छ । आजभोली पनि विद्वान बज्राचार्य युवावर्गले यस्ता अन्धविश्वासी कुराहरूलाई मानेका छैनन् । केवल परम्पराको आधारमा, आफ्ना पूज्य आमा बुबा र बाजे बज्यैहरूको चित्त दुख्ला भनी बाध्यतामा परेर मात्र मान्ने गरेको देखिन्छ । भित्री

हृदयले विश्वास गरी मानेको देखिदैन ।

*सहभागी-*

बुद्ध जीवनीमा शिद्धार्थ गौतम जन्मिंदा उहाँले सात पाइला टेक्नु भएको र उहाँको पाइताला मुनी कमलको फूल फुलेको थियो भनी वर्णन गरिएको पाइन्छ । के यी कुराहरू साँचो होला र ?

*आयोजक-*

यहाँले अलि अप्ठ्यारा प्रश्नहरू मात्र गर्नु हुँदो रहेछ । तर जे होस् यी प्रश्नहरू सान्दर्भिक नै मान्नु पर्छ । धन्यवाद छ यहाँलाई ।

वास्तवमा यी सबै भक्तिभाव र श्रद्धाले विभोरभई गुनगान गरिएका कुराहरू मात्र हुन् । बुद्धको व्यक्तित्वलाई सम्मानार्थ उब्जाइएका वर्णनहरू हुन् यी सबै । पाली साहित्यमा यी भक्तिभावका कुराहरू वर्णन गरिएतापनि त्रिपिटक पालीमा भने यस्ता वर्णनहरू उल्लेख गरिएको पाइँदैनन् । तर जे भएपनि हामीले आफूलाई यस्ता भक्ति मार्गका कुराहरूमा मात्र लाग्न नदिई बुद्धको सत्य तथ्य शिक्षा तर्फमात्र ध्यान दिई त्यसलाई पालना गर्न सकेमा मात्र साँचो शान्ति मिल्नेछ । बुद्ध शिक्षा अनुसार हाम्रो वर्तमान जीवन इमान्दारी बनाउने तर्फ कोशिस गरौं र स्वार्थी नबनौं । अरूलाई अप्ठ्यारो पर्ने कुरा र काम नगरी अरुको हित र भलो हुने काम गर्ने तर्फ लागौं । हामीले आफ्नो वर्तमान जीवन ठीक तरिकाले बिताउन सकेमा मात्र अतीत र भविष्य पनि उज्ज्वल बन्नेछ भन्ने बिषयमा बुद्धले शिक्षा दिनुभएको छ । त्यसैले देखावटी धार्मिक भावनालाई हामीले त्यागौं । दान दिनु ठूलो कुरो होइन । त्याग गर्नु नै ठूलो कुरो हो । लौत आज थुप्रै बेर लगाई छलफल गरियो । त्यसैले आजलाई यत्तिकैमा छलफल कार्यक्रम टुंग्याऔं । अरु पछि ।

*सहभागी-*

जे होस् मेरो विचारमा आजको छलफल विषय अन्य साधारण र कट्टरपन्थी व्यक्तिहरूलाई भने अपच्य हुन सक्छ । तैपनि हामीले यस्ता विषयहरूमा बारम्बार छलफल गरि नै रहनु पर्ला । किनभने यसरी सत्य कुराहरूमा छलफल गर्न पाउँदा थुप्रै ज्ञानहरू आर्जन गर्न सकिने रहेछ । बुद्धले भन्नु भएको छ धम्म साकच्छा अर्थात् धर्म सम्बन्धी छलफल पनि मंगल कार्य नै हो । होइन र ? ■

# अनिच्चावत संखारा

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्भन्ति तेसं ऊपसमोसुखो**

**जन्म मिति :**
ने.सं. १०५९ गुँलाथ्व दशमी



**दिवंगत :**
ने.सं. ११२३ कछलाथ्व मुखअष्टमी

## नेमरत्न शाक्य

धर्मकीर्ति विहारया पाखें लुम्बिनी निर्माण जूगु गौतमी विहारय् मायादेवी मन्दिरया च्वय् च्वंगु चैत्ये बुद्ध मूर्ति छगू स्थापना यानादीम्ह व दीपंकर परियत्ति शिक्षालय, नागबहालया शिक्षक शिक्षिकापिन्त दँय् छजु वसः दान यानाच्वनादीम्ह धर्मचित्त दुम्ह साहु नेमरत्न शाक्य ने.सं. ११२३ कछलाथ्व मुखष्टमी खुन्हु दिवंगत जुयादीगुलिं वयकःया परिवारपिं सकस्यां वयकःया बाँलाःगु गुणयात लुमंकाः संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय् फयमा धकाः कामना यानाच्वना ।

**धर्मकीर्ति विहार, श्रीघः नःघः ।**
**सामुदायिक स्वास्थ्य सेवा केन्द्र**
**दीपंकर परियत्ति शिक्षालय, नागवहाल ललितपुर ।**

# संघनायक भिक्षु अनिरुद्ध महास्थविर

- **कृष्ण कुमार प्रजापति,** नगदेश बुद्ध विहार

***जन्म–*** यैं, असंया धालासिक्व त्वा:या नांजा:म्ह साहु दशरत्न तुलाधर साहुनी मयूजु दिब्यलक्ष्मी तुलाधर या दातिम्ह काय् भाजुकथं जन्म जूम्ह मचा हे थौं नेपा:या थेरवादी बुद्ध शासनया प्रेरणादायी ब्यक्तित्व संघनायक भिक्षु अनिरुद्ध महास्थविर ख: । वसपोलयात वसपोलया मां बौ नं छुना ब्यूगु गृहस्थ नां ख: "गजरत्न तुलाधर"। वसपोलया अबुजु दशरत्न तुलाधरयात असंया "बारां साहु" धाल धायवं मस्युपिं सुं हे दैमखु । उलितक लोकंह्वाम्ह नांजा:म्ह साहु ख: ।

भाजु गजरत्न तुलाधरजुं मचाबले प्रारम्भिक शिक्षा थ:गु हे छेँज: पाखे सयके सिईकेयाना दीगु जुल । खुदँया क्यातुगु नचागु इले हे मांया माया ममतां तापाक च्वने मागु हुनि वयक:यात अबुजु दशरत्नं बि.सं. १९७८ पाखे न्हापांगुखुशी सँ देश (ल्हासा, तिब्बत) य् ब्वनायंकुगु जुल । वयक: मचाबले अतिकं हे चञ्चल व उद्दण्ड स्वभावयाम्ह जूगुलिं वयक:यात वाराणशीया सेन्ट्रल हिन्दू बोर्डिङ्ग स्कुलय् भर्ना याना ब्यूगु जुल । निदँ तक स्कूलय् च्वना ब्वना वयक: यागु जीवने स्वभाव हिलांवंगु खना बौम्ह दरशत्न तुलाधरजुं अफ नं गाक्कं शिक्षाया मू थ्वीका दीगु जुल । तर नं बि.सं. १९८१ पाखे संदेशं अबुजुम्हेसियागु पौ वयवं वयक: गजरत्नजु निकोगु खुशी संदेशय् (ल्हासा) फागु जुल । बि.सं. १९८१ साले हे साहु दशरत्नया बनेज्या (ब्यापार) क्वचागुलिं निलाति लिपाहे अबुजु नापं वयक: नेपा लिहाँ फाल । अथे सँदेशं लिहां फाया गुलिचां मदुबले हे वयक:पिं अबुजु व काय् निम्हं असंया धालासिक्वत्वा: त्व:ता अफ गृहस्थ नापं भ्यलेपुनेगु त्वता उगु इलेया बुद्ध धर्मया केन्द्रकथं नांजा:गु किण्डोल विहारया जीर्णोद्धार ज्याय् थ:गु निपा ल्हाते न्ह्याना त:गु लुँया अंगु फिपानं खर्च याना दीगु जुल ।



साहु दशरत्न तुलाधर व काय् भाजु गजरत्न तुलाधरपिं किण्डोल विहारे च्वंफाया दच्छी लिपा विहारया पुजारी द्योपाला अतिसार ल्वचं कया देहान्त जुल । विहारया पुजारी द्योपालायात ल्वचंकया च्वंगु इले गजरत्न तुलाधरजुं यक्व: हे सुसा:कुसा: याना दीगु जुल । विहार पुजारी थिमियाम्ह जुया च्वन । वसपोल द्योपामी पुजारी मदय्वं साहु दशरत्न तुलाधरजुं नमोबुद्धे ध्यलुङ्ग जुयाच्वंम्ह ख्वपयाम्ह 'मञ्जुहर्ष' धैम्ह लामा भिक्षु ब्वना हया किण्डोल विहारया पुजारी याना ब्यूगु जुल ।

***महापण्डित राहुल साँकृत्यायन जुनाप ला:गु–***

-छन्हुया दिनय् पुजारी मञ्जुहर्षया म्हस्युम्ह बौद्धय् च्वंम्हलामा गुरु सेरापदोर्जेजु किण्डोल विहारे बिज्यात । वसपोलनापं भारतया छम्ह सन्यासी रामोदर साधु नं फागु जुया च्वन । व हे साधु लिपा भारतया छम्ह नांजा:म्ह महापण्डित राहुल साँकृत्यायन कथं सकसिनं म्हसिकल । वयक: छम्ह विश्व विख्यात बौद्ध विद्वान भिक्षु राहुल साँकृत्यायन ख: । वयक: सँदेश (ल्हासा) फाय्त लामा गुरुनापं जुया च्वंम्ह जुल ।

महापण्डित राहुल साँकृत्यायनजुया मा:गु मा:कथंया ब्यवस्था, सुरक्षा याय् मागु फुक्कं ज्या साहु दशरत्न तुलाधरजुँ याना दीगु जुल । महापण्डितजुया संगतं वसपोलया धार्मीक उपदेशं प्रभावित जुया भाजु गजरत्न तुलाधरजुं बुद्ध धर्मे क्वातुक्क मन साल । महापण्डित राहुल साँकृत्यायनजुया ग्वहाली गजरत्न तुलाधरजुं मित्रराष्ट्र बौद्ध मुलुक श्रीलंकाय् बुद्ध धर्म अध्ययन यायगु मौका चूलागु जुल ।

प्रव्रज्यां उपसम्पदा - श्रीलंकाया "विद्यालंकार

परिवेणे" प्रवेश जुया गुलिचां मदुबले हे इ.सं. १९३० या शुरुई हे परिवेणया प्रधानाचार्य श्रद्धेय भिक्षु, गुरुवर लु. धम्मानन्द नायक महास्थविरजुया उपाध्यायत्वे प्रब्रज्या ग्रहण यानालिं वसपोलयात "श्रामणेर अनुरुद्ध" धका नां छुना ब्यूगु जुल । श्रामणेर अनुरुद्ध तिक्ष्ण बुद्धिया धनी व्यक्तित्व ख: । वसपोल श्रीलंकाय् च्वन । न्याँदँतक च्वना सिंहली पालि सँस्कृत व अंग्रेजी नं अध्ययन याना बिज्यागु जुल । अनंलिपा वसपोल श्रीलंका लिहां बिज्याना भारते ऊ. चन्द्रमणि महास्थविरजुयाथाय् बिज्यात । श्रद्धेय भिक्षु ऊ. चन्द्रमणि महास्थविरजुया अनुकंपां बुद्ध धर्मया अध्ययनया निम्ति म्यानमार (बर्मा) य् सन् १९३६ पांखे श्रामणेर (अनुरुद्ध बिज्यागु जुल । म्यानमार (बर्मा) या मोलमिनय् च्वंगु "ताउँ-पाउँ-च्याउँ विहारया प्रमुख आचार्य ऊ. चक्खुपाल महास्थविरजुया उपाध्यायत्वे श्रामणेर अनुरूद्धं सन् १९३७ पाखे उपसम्पन्न जुया "भिक्षु अनिरुद्ध" जुया विज्यात ।

थ:म्ह काय् प्रव्रज्या जुया श्रामणेर अनिरुद्ध "जुया प्यदँ पुले धुनेवं हे साहु दशरत्न तुलाधरजुं नं नेपाले बुद्ध धर्म उत्थान व विकासया निम्ति कुशीनगरे श्रद्धेय भिक्षु ऊ. चन्द्रमणि महास्थविरजु पाखें प्रव्रज्या व उपसम्पदा प्राप्त याना" भिक्षु धम्मालोक" जुया बिज्यागु जुल । थ्व धैगु सन् १९३४ या घटना ख: ।

***निक्व:गु विश्व युद्धया इले***– निक्व:गु विश्व युद्धया शुरु इ.सं. १९३९ पाखे जुल । अज्यागु युद्धया प्रभाव म्यानमारे नं जूगु जुल । बुद्ध धर्मया गहन अध्ययन यायगु तातुनां म्यानमारे बिज्याना च्वंपि भिक्षु अनिरुद्ध व भिक्षु बुद्धघोषपिसं नं थ:गु ज्यान बचे याय्त अनेक कथंया दु:ख कष्ट सिया जंगले बिस्यु जुयेमा:गु खँ अनिरुद्ध भन्तें लोकरत्न तुलाधर जुयात छ्वया हगु पौ ब्वनेबले सिईके फू । विश्व युद्ध क्वचाय्वं सन् १९४६ पाखें लं खुलेजुयेवं वसपोलपिं भिक्षु अनिरुद्ध, भिक्षु बुद्धघोष व छम्ह भारतयाम्ह भिक्षु अच्युतानन्द म्यानमारं लिहाँ बिज्यात । भिक्षु अनिरुद्ध नेपा: बिज्यासे कालिम्पोङ्ग बिज्यागु जुल ।

***"धर्मोदय" पत्रिका प्रकाशन***– श्रद्धेय भिक्षु अनिरुद्ध कालिम्पोङ्गय् भिक्षु महानाम "कोविद" नापं च्वना निम्हेसियागु सम्पादकत्वे "धर्मोदय" लय्-पौ पिथनेगु याना बिज्यात । दकले न्हापांगु धर्मोदय लय्-पौ ने.सं. १०६७ कौलाथ्व; ई.सं. १९४७ अक्टोबरे पिहांवगु जुल । निदँ तक कालिम्पोङ्गय् च्वना लय्-पौ पिथनेगु जिम्मा कया ज्यासना बिज्यातसा बुद्ध सम्बत २४९३ या बुद्धपूर्णिमा (बैशाख पुन्ही; स्वाँया पुन्ही) या निम्तिं यें देशे थ्यंका बिज्यातसा व हे साले आनन्दकुटी वर्षावास च्वना बिज्यात ।

***भिक्षु धर्मालोकया नेपाल आगमन***– श्रद्धेय भिक्षु अनिरुद्धं म्यानमारे हे म्हसिका बिज्याम्ह भिक्षु धम्मावुध कुशीनगरय् नाप लागु जुल । वसपोल नापं म्यानमारया हे मेम्ह छम्ह 'चन्द्रसूर्य' धैम्ह भिक्षु नं दुगु जुल । सँस्कृत भाषा व साहित्य अध्ययनया निम्तिं कुशीनगरे श्रद्धेय भिक्षु ऊ. चन्द्रमणि महास्थविरया थाय् च्वना बिज्याबले भिक्षु अनिरुद्धं नाप लागु जुल । वसपोल निम्ह म्यानमार या भिक्षुपिंसं नेपा: बिज्यायेगु इच्छा व्यक्त यागु जुल । अबले नेपाले विदेशीतय्त छुट दुगु धैगु हे महाशिवरात्रीया मेलाय् जक जूगुलिं वहे उपयुक्तगु, अनूकुलगु मौकायात छ्यला भिक्षु अनिरुद्ध नापं म्यानमारया श्रद्धेय भिक्षु धम्मावुधपिं नेपा: भ्रमण याना बिज्यात । बि.सं. २००६ सालया महाशिवरात्री निन्हुन्ह्योहे यें थ्यंका स्वनिग: दुनेया थि थि थासय् चाहुला बिज्यात । भिक्षु अनिरुद्ध नापं बिशेष भिक्षु धम्मावुधया नेपा: भ्रमण धैगु हे नेपाले बुद्ध धर्मया पुनरुत्थानया इतिहासया छगू अविस्मरणीय क्षण जुया ब्यूगु जुलसा छगू अतिचिरस्मरणीय बिषय नं जुया ब्यूगु दु । छुँ दिंया निम्ति नेपा: भ्रमण बिज्याम्ह श्रद्धेय भिक्षु धम्मावुधयात यलया सुमङ्गल विहारया उपासक-उपासिका पिनिगु इनाप व प्रार्थनायात स्विकार याना स्वलातक विहारे च्वना बुद्ध धर्मया शिक्षा व धर्मोपदेश याना बिज्यागु ज्याय् भिक्षु अनिरूद्धं अनुवाद याना आकर्षक ढंगं न्यंका बिज्याईगु जुल । थ्व हे प्रेरणां उपासिका मय्जु गणेश कुमारी आ: भिक्षुणी धम्मवती, 'धम्माचरिय' कथं बुद्ध शासनिक ज्याय् न्ह्यलुवा:कथं धिसिमिसि धायक दँ बिज्याना च्वंगु भीसं खना हे च्वना । वसपोलयात सकलसिनं "योम्ह म्ह्याय्, स्नेही छोरी" कथं औपन्यासिक क्षेत्रे म्वाम्ह: व्यक्तित्व जुया दना च्वंगु भीसं खनागु जुल, ब्वना च्वना, स्वया च्वना । उकिं भिक्षु अनिरुद्ध छम्ह: प्रेरणाया स्रोत कथं, प्रेरणादायी व्यक्तित्वकथं भीसं म्हसिका च्वना ।

श्रीलंकाया अतिकं नांजा:म्ह, लोकंह्वाम्ह, श्रद्धेय भिक्षु नारद महास्थविरया नेपा: भ्रमण– श्रद्धेय अनिरुद्ध भन्ते श्रीलंकाय् अतिकं नांजा:म्ह भिक्षु नारद महास्थविर जुयात निकोगु खुशी नेपालया भ्रमण याकेगु ज्या सम्पन्न याना बिज्यागु जुल । विशेषं आनन्दकुटी विहारया परिसरया निर्माण जूगु श्रीलंकाराम चैत्यया उलेज्या वसपोलया करकमलं सम्पन्न याय्गु तातुनां ई.सं. १९४८ मई - ५ स कोलकातां यें बिज्यागु जुल । थ्व हे भ्रमणया सिलसिलाय् यें यट्खा बहालय् वसपोलयात 'नागरिक अभिनन्दन-पौ" ल: ल्हातसा वहे

सभाय् तत्कालीन प्र.मं. श्री ३ मोहन शम्शेर पाखें "फुक्क बौद्ध कर्मचारीतयत स्वाँया पुन्ही खुन्हु बिदाया घोषणा जूगु खँ नं न्यंकल ।

***स्वक्व:गु संगायने ब्वति कया बिज्यागु–*** बुद्ध शासनिक ज्याया उत्थानया निम्ति जूगु म्यानमारया खुक्व:गु बौद्ध संगायने भिक्षु अनिरुद्ध महास्थविरं न्हापांगु व अन्तिम सन्निपाते सहभागीजुया, ब्वति कया बुद्ध शासनिक ज्याखँय् तिब: बिया बिज्यात । अत्थे हे नेपाले दकले न्हापं चतुर्थ विश्व बौद्ध सम्मेलन (वि.सं. २०१३/इ.सं. १९५६) जूबले धर्मोदय सभाया उपाध्यक्षया हैसियतं बुद्ध शासनिक ज्याखँ न्ह्याका तिब: बिया बिज्यागु जुल । च्वय् न्ह्यथनागु खुक्व:गु संगायना सन् १९५४ - १९५६ तक ता:ई तक जूगु ख:

***लुम्बिनीया गतिविधि सरिक–*** तथागत गौतम बुद्धया पावन जन्मभूमि, छगू अरब जनताया नुग:या धुक्धुकी, आस्थाया केन्द्र, विश्व शान्तिया मुहानकथं नांजा:गु पवित्रगु लुम्बिनीया संरक्षण व सम्बर्द्धनया ज्याखँय् सन् १९४६/४७ निसें श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरं थ:त पाना, समर्पण याना पीन्यादँ-खुदँतक लुम्बिनी हे च्वना यात्रीतय्गु सेवा नं याना बिज्यागु जुल । भारतया नौगढं भ्काईपिं, बिज्याईपिं बौद्ध तीर्थ यात्रीतय्त लँय् सुविधाया लागिं ककर हवांनिसे लुम्बिनी तकया लँय् प्रबन्ध व व्यवस्थाया निम्ति भिक्षु अनिरुद्धं थ:गु वैशं ब्यूबले न्ह्यचिला बिज्यागु खने दु । बौद्ध तीर्थ यात्री तय्त चच्छीजक जुसां बाय् च्वनेत अपुक धर्मशाला या व्यवस्था याना बिज्यागु नं लोमंके जी मखु । उकिं लुम्बिनीया स्थानीय जनमानसं वसपोल भिक्षु अनिरुद्ध महास्थविरजुयात "बड्का बाबा" कथं संबोधन याईगु जुया च्वन ।

***संयुक्त राष्ट्र संघया तत्कालीन महासचिव ऊ थान्तजुया लुम्बिनी भ्रमण–***

सन् १९६७ अप्रिल- १४ तारिख खुन्हु संयुक्त राष्ट्र संघया तत्कालीन महासचिव भाजु ऊ थान्तजुयात लुम्बिनी भ्रमणया क्रमे श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरजुं बर्मीज भाषं लुम्बिनीया यथार्थ बस्तुस्थिति वर्णन याना बिज्याबले ऊ थान्त भाजुं मिखां ख्वबि वय्का लुम्बिनीया विकास व उत्थानया निम्ति थ:म्हं विश्व समुदाययात आह्वान याय्गु प्रतिबद्धता जाहेर याना थकुगु सारगर्भितगु उद्‌गार थत्थे ख– "भगवान् बुद्धया पवित्र जन्म स्थल लुम्बिनीया निम्तिं जिं छुं यायेफुसा याना थके फुसा जित: संयुक्त राष्ट्र संघया महासचिवजुयागु सिबें नं यक्व: सन्तुष्ट ज्वी" । थ्व खँ सन् १९७१ य् पिदंगु 'View from the U.N." धैगु थ:गु सफूति च्वयात:गु दुसा व हे सफूया पृष्ठ नं ४१७ लय् थत्थे नं न्ह्यथना तगु दु- "जिगु जीवनया छगु अतिकं महत्वगु दिं मध्ये इ.सं. १९६७ अप्रिल- १४ या दिंजुया ब्यूगु दु ।" संयुक्त राष्ट्र संघे विशेष लुम्बिनी विकास समिति निस्वनेगु ज्यायाना लुम्बिनीयात विश्वे अभ्र अप्व: म्हसिकेगु ज्या जुल । लुम्बिनी तत्काल त्वनेगु ल: या ब्यवस्था नं याना बिल । थ्व फुक्क ज्याखँ चुलागु हुनी ख: श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरजुया बर्मीज भाषां याना बिज्यागु अभिव्यक्ती शैली हे धायेमाली । वसपोल भिक्षुया त:धंगु योगदान धैगु नं लुम्बिनी प्यंगू दशक मयाकं च्वना लुम्बिनीया संरक्षण व सम्बर्द्धने थ:त पाना बिज्यागु, अले बुद्ध शासनिक ज्याखँय् लगेजुया बिज्यागु ख । थ्व खँ भ्कीसँ गुबलें हे लोमंके फैमखु जी मखु ।

***आनन्दकुटी च्वं बिज्यागु–*** श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरजुया देहावसान वंगु वि.सं. २०४७ भाद्र- ५ गते ज्वीवं वसपोल भिक्षु अनिरुद्ध महास्थविर आनन्दकुटी विहारया अधिपति कथं आवासीय जुया च्वं बिज्यात । अत्थे जुसां वसपोलं थि थि इले थिथिं विहारे बर्षाबास च्वं बिज्यात । गुबलें त्रिशुली च्वं बिज्यासा, गुबलें बलम्बु प्रणिधिपूर्ण महाविहारे, गुबलें संघाराम, गुबलें मातातीर्थया बिहारय् वर्षाबास च्वना बिज्यागु खनेदु ।

***माँया नामं विहार निर्माण–*** वसपोलं थ:म्ह माँ दिब्यलक्ष्मी तुलाधरजुया गुणानुस्मरण यासे समस्त नेपा:मीतय्गु पुण्य-स्थल-मातातीर्थे "दिब्याश्रम बुद्ध विहार" निर्माण याना वर्षावास नापं च्वना बिज्यात । "माँया गुण अनन्त ख:" धैगु गुण बाक्ययात अनुशरण याना विहार दयेका पुण्य सञ्चय याना बिज्यागु भ्कीसं वा:चायेका च्वनागु हे दु । आ: थौकन्हे वसपोलया अन्तिम शिष्य भिक्षु नापं शेर्पा भन्तेपिं दिब्याश्रम बुद्धविहारे च्वना दैनिक व नियमित बुद्ध पूजा ज्याझ्व: न्ह्याका च्वंगु हे दु ।

***भाषा ज्ञाताया बिदेश भ्रमण–*** वसपोल भिक्षु अनिरुद्ध महास्थविरजु नेपाल भाषा, नेपाली, हिन्दी, पालि, सँस्कृत, बर्मीज, सिंहली, तिब्बती (लगायत) नापं थि थिं भाषाया ज्ञाता जूगु खनेदु । अत्थे जूगुलिं वसपोलं थि थिं भाषायागु सफूयात नेपालभाषां अनुवाद याना सफू पिथनेगु याना बिज्यागु जुल । वसपोलं श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, रुस, मङ्गोलिया, इङ्गलैण्ड नापं थि थि देत भ्रमण याना बिज्यागु दु ।

***नेपाल भाषा साहित्ये योगदान–*** च्वये नं न्ह्यथनागु जुल । वसपोलं थि थि भाषाया सफूयात अनुवाद याना नेपाल भाषां सफूत प्रकाशित याना नेपाल भाषा साहित्यया धुकू जायेकेगु ज्या याना बिज्यागु दु ।

वसपोलं अशोक स्तम्भय् कियात:गु लिपियात भिंनिगू भाषां अनुवाद याना, याका प्रचार प्रसार याना बिज्यागु दु । अत्थे हे वसपोल भिक्षु अनिरुद्ध महास्थविरं त्रिपिटक या सूत्रपिटक अन्तर्गत या खुद्दक निकायया निगूगु ग्रन्थरत्न "धम्मपद" याय २६ गू वर्ग, ४२३ गाथात समावेश जूगु धम्मपद अट्ठकथा फुक्कं धैथें वसपोलं अनुवाद याना पिथना बिज्यात । अत्थे हे वसपोलं "रस वाहिनी", "महोषध जातक" नापं थि थि याना निगू दर्जन ति सफूत नेपाल भाषां पिथना नेपाल भाषा साहित्यया धुकू जायेका ब्यूगु जुल । थि थि संघ संस्थाय् धम्मानुशासक, सल्लाहकार, आजीवन सदस्य आदी जुया बिज्यागु खनेदु । अत्थे हे वसपोलं आनन्दकुटी विहारया धम्मानुशासक नापं आनन्दकुटी विहार गुठीया नायो नं जुया बिज्यागु खँ न्ह्यथनेवह:जू ।

***सम्मान पदविं विभूषित जुया बिज्यागु***– नेपा:या स्थविरवादी बुद्ध धर्मया पुनरुत्थानया निम्ति न्ह्यलुवा: जुया बिज्याम्ह संघनायक भिक्षु अनिरूद्ध महास्थविरयात भगवान बुद्धया पावन जन्म भूमि लुम्बिनी च्वना सेवायाना बिज्यागु कदर स्वरूप मित्र राष्ट्र बौद्ध मुलुक श्रीलंकाया अमरपुर निकायया भिक्षु महासंघं वंगु ई.सं. १९९५ मार्च - ३ कुन्हु "बुद्ध जन्मभूमि जोतक शासनकीर्ति श्री" सम्मान उपाधिं विभूषित याना बिज्यातसा मेगु मित्रराष्ट्र बौद्ध मुलुक म्यानम्यार सरकारं ई.सं. १९९८ मार्च- १२ खुन्हु वसपोलयात "अग्गमहासद्धम्म जोतिक धज" सम्मान पदवि ल:ल्हाना ब्यूगु जुल । उकथं वसपोलया योगदान व गुणयात कदर यासे सम्मान पदबि देछागु उचित जू, पायछि जू, वसपोलया आयु आरोग्य व सुस्वास्थ्यया कामना उबलेहे भीसं यानागु ख: ।

वसपोल भिक्षु अनिरुद्ध महास्थविरजुयात वंगु वि.सं. २०५४ चैत्र २९ ल्हुति पुन्ही (चैत्र पुन्ही) खुन्हु अखिल नेपाल भिक्षु महासंघं आनन्दकुटी विहारया सिमाय गृहलय् भिक्षु संघपिं मुना धर्म विनयकथं "संघ नायक" पदवि ल:ल्हागु ख: । वसपोल नेपा:या स्वँम्हम्ह "संघनायक" जुया बिज्यागु ख: ।

***ल्वय् व देहावसान***– मातातीर्थया दिव्याश्रम बुद्ध विहारे च्वना बिज्याम्ह श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरजु निला न्ह्यो अन हे बेहोस् जूगु जुल । अनं हे वसपोलयात बीर अस्पतालया सघन उपचार कक्षय् तया बाँलाक उपचार याना विश्व शान्ति विहारे हे बुद्ध धर्म प्रति आस्था दुपिं डाक्टर साहेबपिं भ्राया हे स्वास्थ्य परीक्षण याना आराम कया च्वंगु थ्व पंक्तिकारनं खनागु जुल । वसपोलयाके स्वास्थ्यया बारे न्यनागु जुल । हानं लिपा छापाय् ब्वना वसपोलयात बाँलाक स्वास्थ्य उपचार यायेत साहु ज्ञानज्योति कंसाकारजुया "यान बाहन दान" थे जा:गु मानवीय ग्वहाली थाइलैण्डया राजधानी बैंकके थाई संघराजाया विशेष अनुकम्पां वसपोलया नीजि सचिव नेपाली भिक्षु सुगन्धया सश्रद्धायुक्तगु ग्वहालीं संघनायक भिक्षु अनिरुद्धयात राजकीय सम्मान बिया नि:शुल्क वास याना ल्वय् लंका लिहाँ बिज्यागु बुखँ न्यना । वसपोल भिक्षुयात विश्व शान्ति विहारे नाप लाना ल्वय्या बारे खँल्हानागु ख: ।

नेपा:या संघनायक भिक्षुया हैसिंयतं थाईलैण्डे लसकुस यासे सम्मान जूगु धैगु नेपा:या हे गौरब ख: । अत्थे हे वसपोलया जीवनया अन्तिम घडी अज्यागु राजकीय सम्मान बिया स्वास्थ्य-उपचारयाना छुँ दिं जक जुसाँ मने शान्ति व आत्मसन्तुष्टी थाय् काय्के दैगु धैगु खँ धार्मीक जीवन हनागुया प्रतिफल हे धाय्माली । साहु ज्ञानज्योतिकंसाकारजुया संघनायक भिक्षु प्रति पायछि इले याना दिइगु "यान बाहन दान" नं फलदायी जूगु तायेका, सार्थक हे जूगु ख: भापा: । वसपोलयात यक्व हे सुभाय् !

थ्व अनित्यगु भौतिक संसारे जन्म जूसेलिं छन्हु वनेमागु प्रकृतिया नियमयात, स्वभाव धर्मयात वसपोल संघनायक भिक्षु अनिरुद्ध महास्थविरजुं वंगु ने.सं. ११२३ सिल्लागा - १; ई.सं. २००३ फेब्रुवरी-१७, बि.सं. २०५९ फागुण-५; (बुद्ध सम्बत २५४६) सोमवा: खुन्हु नसंचा इलय् अर्थात सुथत्यलं ३:१५ बजे सुयातं छुं कथं हे दु:ख बी म्वाय्क अनित्यगु भौतिक संसारं सदा सदा या निम्ति ८८ दँया बैशे भ्री सकलयात त्व:ता बिदा जुया बिज्यात ।

नगदेश बौद्ध समूह व धर्मोदय सभा, मध्यपुर-थिमि नगर शाखा नगदेशया मंका ग्वसा:ले ने.सं. ११२३ सिल्लागा-७, ई.सं. २००३ फेब्रुवरी- २३, खुन्हु नगदेश बुद्ध विहारे नेपा:या स्वम्ह:म्ह संघनायक अग्गमहासद्धम्म जोतिक धज् भिक्षु अनिरुद्ध महास्थविरजु देहावसान जूगुलिं न्हेन्हुया खुन्हु वसपोलया गुणानुस्मरणयासे छगू मिनेट मौन धारण यानागु जुल । अत्थे हे वसपोलया अन्तिम (शव यात्रा) य् नं सहभागीजुया श्रद्धा सुमन ब्यक्त यानागु जुल; बिचा: हायेकागु जुल ।

अन्तिम घडीतक नं श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविर प्रति श्रद्धेय साहु ज्ञानज्योति कंसाकार जुया मन व सश्रद्धा गुलि क्वसा: धैगु खँ दिवंगत भिक्षुया "संक्षिप्त जीवनी" प्रकाशनया शबयात्राय् बिज्यापिं, भ्रापिं सकलयात "जीवनी पर्चा" छगू छगू इना ब्यूगु खना च्वना, कया ब्वना । उकिं नं वसपोल साहुया योगदान दया च्वना वसपोलयात हानं नं सुभाय् देछाना च्वना । ■

# धर्मकीर्ति विहारको शनिबारीय कार्यक्रम

## विज्ञान र बुद्ध धर्म

२०५९ मंसीर २१ गते, शनिवार ।
रिपोर्टर- नीता केशरी

यसदिन श्रद्धेय भिक्षु आनन्दले "विज्ञान र बुद्ध धर्म" विषयमा प्रवचन दिनुभएको थियो । उहाँले भन्नुभयो- "विज्जा उदपादी" भनी बुद्धले उच्चारण गर्नु भएको तात्पर्य नै अविद्या हटेर विद्या प्राप्त भयो भन्नु भएको हो । विद्याको अर्थ नै यथाभूत ज्ञान दर्शन हो । (See things as they are)

संसारको अनित्य स्वभावले विश्वलाई नै प्रभाव पारिरहेको छ । संशोधन गर्न नसकिने यस सांसारिक स्वभाव नै बुद्ध धर्मको वैज्ञानिक तथ्य हो । विज्ञानले भौतिक तत्त्वको विश्लेषणात्मक, प्रयोगात्मक र अनुसन्धानात्मक कार्य गर्छ भने बुद्ध शिक्षाले हाम्रो मनको विश्लेषण, प्रयोगाततमक अभ्यास एवं शुक्ष्म अन्वेषण गर्दछ ।

आज विज्ञानको विकासले विश्वलाई नै मुठ्ठीमा समेटिएको छ । तर यसले मानसिक शान्तिलाई भगाउँदै लगेको देखिन्छ । मानव जीवनमा भौतिक विकासले मात्र पूर्णता पाउन सक्दैन । उसको मनोबैज्ञानिक विकास पनि अत्यावश्यक छ । जुनकुरा प्रत्येक मानिसको आ-आफ्नो कर्त्तव्य बोध र दायित्त्व बहनबाट आफसे-आफ प्राप्त हुन्छ । कर्त्तव्यपालनमा नै शन्तुलित विकास निर्भर रहन्छ । कर्त्तव्य बोध थाहा पाउन बुद्धको सिगालोवाद सूत्र अध्ययन गरेमा थाहा पाउन सकिनेछ ।

## जीवनमा प्रव्रज्याको महत्त्व

२०५९ माघ ४ गते । रिपोर्टर- विमला शाक्य ।

यसदिन इन्दावती गुरुमांले "जीवनमा प्रव्रज्याको महत्त्व" विषयमा प्रवचन दिनु भएको थियो । प्रवचनको क्रममा उहाँले भन्नुभयो- "मानिसको जन्म अति दुर्लभ छ । मानिसको रुपमा जन्मलिई अझ असल मानिस बन्न सक्नु त अहोभाग्य हो । असल मानिसको अर्थ नै विवेक बुद्धि सहित धर्म बुझ्ने मानिस हो । असल र खराब बन्नु त आ-आफ्नो हातको कुरो हो । किनभने बुद्धले त हामीलाई असल मानिस बन्ने उपाय र मार्ग बताएर जानु भएको छ । त्यस उपायलाई अपनाई राम्रो मार्गमा लाग्नु त हामी सबैको आ-आफ्नो कर्त्तव्य हो ।

बौद्ध संस्कार अनुसार प्रव्रज्या हुनु पनि बुद्धले देखाउनु भएको राम्रा मार्गहरू मध्येको मार्ग हो । राम्रो मार्गमा लाग्ने व्यक्तिहरूमा हिरी र ओतप्प (नराम्रो काम गर्न उ उत्पन्न हुने लज्या र भय) ले स्थान लिएको हुन्छ । हिरी र ओतप्पले गर्दा नै यो संसार आजसम्म टिकीरहेको छ ।

त्यसैले हामीले आफ्नो जीवनको सात दिन सम्म मात्र भएपनि प्रव्रज्या भई पवित्र जीवन बिताउन सके त्यति मात्र भएपनि जीवन सार्थक हुनेछ ।

## बुद्ध र बुद्धमार्गीहरू

२०५९ माघ २५ गते, शनिवार ।
रिपोर्टर- रामेश्वरी ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रत्येक शनीवारको प्रवचन कक्षा अनुसार यसदिन भिक्षु अश्वघोष महास्थविरबाट "बुद्ध र बुद्धमार्गीहरू" विषयमा प्रवचन गर्नुभएको थियो । प्रवचनको क्रममा उहाँले भन्नुभयो- "बुद्धको उपदेश अनुसार शुद्ध चित्तद्वारा गरिने सेवा र कर्त्तव्य पालन गर्नु नै धर्म हो । बुद्धलाई वन्दना र पूजा गर्दैमा बौद्ध भनिन्दैन । शुद्ध आचरण भएमा मात्र बौद्ध कहलिन्छ । चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग अनुरूप कर्त्तव्य पालन गर्ने सबै व्यक्ति बुद्धमार्गीहरू हुन् । जसले बुद्धको शिक्षा अनुरूप आचरण गर्छ, त्यो नै बौद्धमार्गी हो । भगवान बुद्धले भन्नुभएको- "मैले बुझ्नु पर्ने सबै बुझिसकें । अभ्यास पनि गरिसकें । छोड्नुपर्ने नराम्रा संस्कार र वानीहरूलाई पनि छाडिसकें । त्यसैले म बोध भइसकेको बुद्ध हुँ ।" यसरी हामीले पनि बुद्धले जस्तै आफूमा भएका नराम्रा वानीहरूलाई जरादेखि नै उखेलर फाल्न सक्नुपर्छ । बौद्धमार्गी भित्र भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू पर्दछन् । यी चारवटा समूहले होशपूर्वक आफ्नो जीवन यापन गर्न सकेमा र आ-आफ्ना नराम्रा कुवानीहरूलाई त्याग्न सकेमा मात्र जन्म मरणबाट मुक्त शान्त निर्वाण पद प्राप्त गर्न सकिनेछ ।"

## धम्मवती गुरुमाँको ६७ दिने विदेश भ्रमण सम्पन्न

मलेसिया स्थित Selanger मा २०५९ मंसीर २३ गते देखि २६ गतेसम्म सञ्चालित World Fellowship of Buddhist 22nd General Conference र World Fellowship of Buddhist Yout 13th General Conference मा भाग लिनको लागि धम्मवती गुरुँमा २०५९ मंसीर २२ गते काठमाडौंबाट बैंकक हुँदै मलेसिया प्रस्थान गर्नुभएको थियो । उक्त ४ दिने सम्मेलनमा भाग लिनुभई उहाँ २०५९ मंसीर २७ र २८ गते २ दिन क्वालालम्पुरका विभिन्न स्थानहरूको यात्रा गरी ८ दिनपछि २०५९ मंसीर २९ गतेका दिन क्वालालम्पुरबाट बैंकक हुँदै म्यानमार स्थित रंगुन पुग्नुभएको थियो ।



*थाइलैण्डको फौराटमा धर्मदेशना गर्नुहुँदै धम्मवती गुरुमाँ*

२०५९ मंसीर ३० देखि माघ १८ सम्म नेपाली बौद्ध तीर्थयात्रीहरूलाई म्यानमार देशका विभिन्न स्थानहरू (Yangoon, Molmin, Bago, Mandaley, Kyaikhthio Sagaing, Dawe) आदिको बुद्ध जीवनी सम्बन्धी ऐतिहासिक जानकारी र बुद्ध शिक्षा बोध गराउनु हुँदै ४८ दिने म्यानमार देश भ्रमण सम्पन्न गर्नुभएको थियो । त्यसपछि २०५९ माघ १९ गते उहाँ रंगूनबाट थाइलैण्डठको बैंककमा प्रस्थान गर्नुभयो ।

२०५९ माघ १९ देखि २९ सम्म ११ दिने थाइलैण्डको भ्रमणमा उहाँले बैंकक, चिंग्राइ, फुकेट आदिको विभिन्न महत्त्वपूर्ण स्थानहरूमा यात्रा गर्नुभएको थियो । सोही क्रममा थाइलैण्डका फुकेट निवासी प्रकाश राउटको आयोजनामा उहाँकै घरमा २०५९ माघ २४ र २५ गते दुईदिने धर्मदेशना कार्यक्रम सञ्चालन गरिएको थियो । हरी लिम्बुले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा फुकेट निवासी नेपालीहरूलाई धम्मवती गुरुमाँले बुद्ध शिक्षा सम्बन्धी धर्मदिशना गर्नुभएको थियो ।

यसरी नै माघ २८ र २९ गते दुईदिन थाइलैण्डको फौराटमा उपासक भीमको आयोजनामा र उपासक विष्णुको घरमा धर्मदेशना कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त दुईदिने धर्मदेशना कार्यक्रममा धम्मवती गुरुमाँले थाइलैण्डका फौराट निवासी नेपालीहरूलाई बुद्ध शिक्षा सम्बन्धी धर्मदशेना गर्नुभएको थियो ।

यसरी धर्मप्रचार कार्यक्रम समापन गर्नुभई उहाँ २०५९ फागुन १ गतेका दिन बैंककबाट नेपाल फर्कनुभएको थियो ।

उक्त ६७ दिने यात्रा क्रममा धम्मवती गुरुमाँको साथमा वीर्यवती गुरुमाँ पनि जानु भएको थियो ।

## राहुलया माँ याके न्ह्यसः

*– बुद्धरत्न शाक्य 'क'*

मांया मुलय् त:धी जुयेदया:
जिगु जुल थ्व अहो भाग्य !

अबुजु यागु प्रेम म्हसीइके मदया:
जि ज्वीमफुत थन कर्मया भाग्य !

म्हसीका ब्यु द: अबु छक:
बियेमा: जित नं कर्म भाग्य !

नव युवराज ख: जि थनया:
युवराजया ममता मथ:गु भाग्य !

न्ह्याथीं जाह्म जूसां मचाया:
ज्वीगु अबुयागु स्नेह भाग्य:

म्हसीका ब्यु द: अबु छक:
दयेमा: जितनं अबुया भाग्य !

चित्कार जुल राहुल कुमारया
मज्यायेगु ईच्छा गर्भया भाग्य !

मू मखु जीवन सुख: दु:खया:
क्वातुईमा जिगु नं दायित्व भाग्य !

म्हसीईका ब्यु द: अबु छक:
जुयेमा जिगु नं पुरक भाग्य !

–: समाप्त :–

# महामानव गौतम बुद्ध

– सुमित बज्राचार्य परियत्ति बौद्ध बाल समूह
ज्ञानोदय बुद्ध विहार, बुद्धोचोक, बाग्लुङ्ग

बुद्ध तिमी एशियाको महानव्यक्ति
चमत्कारको शक्ति नभएर दियौ मानिसलाई ज्ञानको शक्ति
बुद्ध तिमी एशियाको ज्योती नभई
विश्वकै ज्योती भयौ ।
व्यक्तिमात्र नभएर ज्ञानका उपदेश दिएर महान
व्यक्ति बन्यौ ।
राज्यश्री सुख र सम्पत्ति त्यागी
दुःख कष्ट गरी ज्ञान लाभ गरी
कति मानिसहरूलाई बोधीज्ञानको उपदेश दिइ
महान व्यक्ति बन्यौ तिमी
हर समय तिमीले मानिसहरूको सेवा गर्‍यौ ।
त्यत्ति मात्र नभएर अनेकन दुःख कष्ट भोल्यौ
घर घरको आँगनमा गई उपदेश दिन्थ्यौ ।
संसारका मानिसलाई ज्ञानको अमृत पिलायौ ।
दुखकष्टको भवसागरमा तिमीले नै सह्यौ
ज्ञान र उपदेश दिई हामीलाई छाडी गयौ ।
निरासाको जीवनलाई त्यागी सुखमय जीवन दिलायौ ।
चोर, अपराधीलाई तिमीले राम्रो मानिस बनायौ ।
उपकार नै भलाई हो भन्ने उपदेश दियौ प्राणी सबैलाई
बोधीज्ञान लाभ गरी ज्ञान दियौ सबैलाई
हजारौंलाई जित्नुभन्दा आफूलाई जित्नु भन्ने भावना सबैलाई दिलायौ
हत्या, हिंसा गर्नेहरूलाई बोधिज्ञानको पाठ सिकायौ ।
चंक्रमण गर्दा नि शान्त पूर्वक डुल्यो
तिमी हे महामानव बुद्ध
अरूको सेवा गर्ने भावना थियो, तिमीमा मन थियो तिम्रो शुद्ध
जिन्दगी तिमीले बोधिज्ञान प्राप्तीमा गर्ने तपस्यामै बितायौ
अरूलाई ज्ञानगुणका कुरा सिकाई मिठा निद्रामा गयौ ।
सादा जीवन उच्च बिचार भन्ने भावना थियो तिमीमा
तिमीले सिकायौं यो भावना विश्वभरमा
सदाचार को शिक्षा दियौ सबै मानिसहरूलाई
आफ्नो जीवनलाई त्यागि सिकायौ तिमीले सबैलाई
मादक पदार्थ नखाऊ भन्ने ज्ञानमार्ग तिम्रो थियो ।
कुशल काममा लाग भन्ने पनि तिम्रै मार्गमा थियो ।
रोगी र बिरामीको सेवामा लागि आफ्नो जीवनकाल त्यहिं बितायौ ।
आफ्नो ज्ञानका कुराहरू मानिसमा छाडी कता हो कता बिलायौ ।

## संघनायक भिक्षु अनिरुद्ध महास्थविरको दाह संस्कार सम्पन्न

२०५९ फागुण ६ गते । स्थान- आनन्दकुटी विहार, स्वयम्भू ।

नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविरको मिति २०५९ फागुण ५ गते विहान ३:१५ बजे ८९ बर्षको उमेरमा देहावसान भएको थियो । वि.सं. १९७२ मार्ग २८ (१३ डिसेम्बर १९१५) का दिन पिता दशरत्न तुलाधर र माता दिब्यलक्ष्मी तुलाधरको दोश्रो पुत्रको रुपमा असन धालासिकोमा जन्मनु भएका उहाँको गृहस्थ नाम गजरत्न तुलाधर थियो ।

सन् १९३० मा विद्यालंकार परिवेणका प्रधानाचार्य गुरुवर लु. धम्मानन्द नायक महास्थविरको उपाध्यायत्त्वमा प्रव्रजित हुनु भएका उहाँले श्रीलंकामा पाँच बर्षको अध्ययन सम्पन्न गरी भारतको कुशिनगरमा आउनुभई सन् १९३७ मा उपसम्पदा प्राप्त गर्नु भयो ।

नेपालमा बुद्ध धर्मको पुनर्जागरणकाल देखि बुद्ध धर्म, सँस्कृति र साहित्य तथा भाषा क्षेत्रमा ठूलो योगदान पुऱ्याउनु भएका उहाँलाई श्रीलंकाको अमरपुर निकायको भिक्षु महासंघको तर्फबाट ३ मार्च सन् १९९५ का दिन "बुद्ध जन्मभूमी ज्योतिक शासन कीर्ति श्री" नामक उच्च उपाधिबाट सम्मानित गरिएको थियो । यसरी नै वर्मा सरकारको तर्फबाट १२ मार्च १९९८ का दिन "अग्ग महासद्धम्म जोतिक धज" नामक सद्धर्म उपाधिबाट विभूषित गरिएको थियो ।

यसरी नै २९ चैत्र २०५४ का दिन अखिल नेपाल भिक्षु महासंघले उहाँलाई संघनायक पद प्रदान गरिएको थियो ।

दुई महिना अगाडि देखि सामान्य पक्षाघात रोगबाट पीडित उहाँ केही समय अगाडि बैंककमा उपचार गराई स्वास्थ्य लाभ गरी फर्कनु भएको थियो ।

दिवंगत संघनायक भिक्षु अनिरुद्ध महास्थविरको पार्थिव शरीर फागुण ५ गते दिनभर नयाँ वानेश्वर स्थित विश्वशान्ति विहारमा अन्तिम श्रद्धाञ्जलीको लागि राखिएको थियो । फागुण ६ गते दिउँसो उहाँको पार्थिव शरीरलाई मोटरमा राखी विभिन्न बाजा गाजा सहित भिक्षु भिक्षुणी, लामा गुरु, उपासक उपासिकाहरू सहितको थुप्रै जनसमुदायले नगर परिक्रमा गरी विश्व शान्ति विहार देखि आनन्द कुटी विहारसम्म पुऱ्याइएको थियो ।

आनन्दकुटी विहार प्रांगणमा उहाँको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली चढाउने कार्यक्रमको सिलसिलामा सर्वप्रथम भिक्षु बुद्धघोष महास्थविर समक्ष जनसमुदायले पञ्चशील प्रार्थना गरेका थिए । भिक्षु कुमार काश्यप महास्थविरले मरणानुस्मृति पाठ गर्नुभएपछि बिभिन्न महानुभावहरूबाट पठाइएका शोक सन्देशहरू भिक्षु कोण्डञ्ञले पढेर सुनाउनु भएको थियो । शोक संदेशहरू पठाउनुभएका महानुभावहरू यसरी हुनुहुन्थ्यो- थाइलैण्डका संघराजा, नेपालका लागि म्यानमारका राजदूत, नेपालका लागि श्रीलंकाका राजदूत, निप्पोनजान म्योहोजी जापान, कुशीनगरका भिक्षुसंघ आदि ।

उक्त श्रद्धाञ्जली कार्यक्रममा स्व. भिक्षु अनिरुद्धको व्यक्तित्त्व प्रकाश पार्नुहुँदै आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- भिक्षु कुमार काश्यप महास्थविर, आनन्द कुटी विहारका उपासक तीर्थ नारायण मानन्धर, उपस्थापक गौतमवीर बज्राचार्य आदि ।

उहाँको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली चढाउनु हुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-

नेपालका लागि वर्मी राजदूत उ न्वे वैं, लु.वि.स का उपाध्यक्ष ओमकार प्रसाद गौचन, पूर्वमन्त्री तीर्थराम डंगोल, भू.पू. सांसद लक्ष्मीदास मानन्दर, निप्पोनजान म्योहोजी जापान, धम्मवती गुरुमां, सर्वज्ञ रत्न तुलाधर, सुजाता ताम्राकार, बुद्धानन्द आदि ।

मतक चीवर वस्त्र दान दिने सिलसिलामा भिक्षु अश्वघोष महास्थविरले वाक्य उच्चारण गराउनु भएको थियो ।

अनिच्चावत संखारा पाठ गरी श्रद्धाञ्जली सभा सम्पन्न गरिएपछि दिवंगत भिक्षु अनिरुद्ध महास्थविरको पूण्य स्मृतिमा पुण्यानुमोदन गरिएको थियो ।

अन्त्यमा उहाँको पार्थिव शरीरलाई भिक्षु महासंघको तर्फबाट दाग वत्ति चढाई कार्यक्रम सम्पन्न गरिएको थियो । यसरी ७३ वर्ष सम्म भिक्षु जीवन बिताउनु भई ४५ वर्ष सम्म लुम्बिनी विकास कार्यमा सेवा पुऱ्याउनु भएका र बुद्ध शासन चिरस्थायीको लागि विभिन्न योगदान पुऱ्याउनु भएका भिक्षु अनिरुद्ध महास्थविरको पुण्य स्मृतिमा उहाँको परिवारको तर्फबाट भिक्षु भिक्षुणीहरूलाई दान प्रदान पनि गरिएको थियो ।

## आयु संस्कार परित्याग दिवस

(क) २०५९ फागुन ४ गते । स्थान- काठमाडौं ।

शाक्यमुनि बुद्धले आयु संस्कार परित्याग गर्नुभएको २५४७ वर्ष पूरा भएको उपलक्ष्यमा एक धार्मिक शोभायात्रा सम्पन्न गरिएको छ ।

२५४७ औं आयुसंस्कार परित्याग दिवस समारोह समितिको आयोजनामा सम्पन्न गरिएको उक्त शोभायात्रामा बुद्ध मूर्ति सहित थुप्रै श्रद्धालु धर्मप्रेमीहरूले नगर परिक्रमा गरिएको थियो ।

दिउँसो १ बजे शुरू गरिएको उक्त नगर परिक्रमा जुलुसले भ्वाईस अफ रेडियो निवास पाकोबाट परिक्रमा शुरू गरी नयाँ सडक, पाको, रणमुक्तेश्वर, ओमबहाल, यंगाल, ब्रह्मटोल, ह्यूमत, कोहिटी, भिमसेन टोल, मरू प्याफल, न्यत, त्यंग:, थायमदु, असन, जनबहाल, वंगल, जुद्ध शालिक हुँदै नयाँ सडकको पिपलबोटमा पुगी समापन गरिएको थियो ।

**(ख) स्थान– नगदेश बुद्ध विहार ।**

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त पहलमा माघ पूर्णिमाको दिनमा नगदेश बुद्ध विहारमा बुद्ध पूजा गरी २५४७ औं आयु संस्कार परित्याग दिवस मनाइएको समाचार छ । समाचार अनुसार श्रद्धेय भिक्षु वरसम्बोधि समक्ष पञ्चशील प्रार्थना पछि ढलौटको बुद्धमूर्ति २ वटा राखी बाजा-गाजा र ज्ञानमाला भजन खल:का साथमा मध्यपुर थिमि नगर वडा ४, ५ र ६ स्थित नगदेश परिक्रमा गरी विहारमा पुगी सभामा परिणत भयो ।

नगदेश बौद्ध समूहका उपाध्यक्ष श्री दीपकराज साँपालको सभापतित्त्वमा र डा. सानुभाई डंगोलको प्रमुख आतिथ्यमा दीप प्रज्वलन गरी उद्घाटन गरिएको उक्त कार्यक्रममा डा. डंगोलले चारित्र शील र वारित्र शीलको विषयमा व्याख्या गर्नुभएको थियो ।

उक्त समारोहमा नगदेश बौद्ध समूहका सचिव कृष्णकुमार प्रजापतिले माघ पूर्णिमाको महत्त्व उल्लेख गर्दै भन्नुभयो– "गौतम बुद्धले बुद्धकालीन ऐतिहासिक स्थल चापाल चैत्यमा आजभन्दा २५४६ वर्ष अघि माघ पूर्णिमाको दिनमा आयुसंस्कार परित्याग गर्नुभएको र भिक्षु सारीपुत्र र मौद्गल्यायनलाई "अग्रश्रावक-महाश्रावक पदवी दिनुभएकोले बौद्ध जगतमा माघ पूर्णिमाको महत्त्व भएको र आयु संस्कार परित्याग दिवसको महत्त्व रहेको छ ।"

समूहका कोषाध्यक्ष रामभक्त हाँयुजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा श्रद्धेय भिक्षु वरसम्बोधीले धर्मदेशना गर्नुभएको थियो । यसरी नै समारोहका सभापति उपाध्यक्ष दीपकराज साँपालले धन्यवाद व्यक्त गरी सभा विसर्जन गर्नुभएको थियो ।

**(ग) २०५९ फागुण ४ गते । स्थान– मीन भवन**

भोजपुर टक्सार बौद्ध शाक्य समाजको आयोजनामा मीनभवनस्थित श्री कृष्णमान शाक्यको निवासमा बुद्धको आयुसंसकार परित्याग दिवस मनाइएको समाचार छ । ज्ञानमाला भजन, बुद्धपूजा एवं प्रवचन गरी संचालन गरिएको उक्त कार्यक्रममा शाक्य समाजका सल्लाहकार खड्गरत्न शाक्यले आयुसंस्कार परित्याग दिवसको महत्त्ववारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । यसको साथै उक्त कार्यक्रममा दिवंगत सुशीला गुरुमांको पूण्य स्मृतिमा श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

## जग्गा दान

लुम्बिनी धर्मोदय समिति अन्तरगत निर्माण भएको "शाक्यमुनि विहार" का संस्थापक पूज्य भिक्षु श्री विमलानन्द महास्थविरबाट २०५९/१०/१२ का दिन पुन: ०-२-१ (२ कठ्ठा १ धूर) जग्गा मूल्य रु. १,२५,०००/– मा खरिद गरी लुम्बिनी धर्मोदय समिति (शाक्यमुनि विहारका लागि) राजकिय बुद्ध विहार लुम्बिनीको नाममा रजिष्ट्रेशन पास गराइदिनुभएको समाचार प्राप्त भएको छ । समाचार अनुसार उक्त दान प्राप्त जग्गा समेत गरी शाक्य मुनी विहारले चर्चेको जग्गा ०-१६-१४.५ (सोन्ह कठ्ठा साडे चौध धूर) भएको विषयमा लुम्बिनी धर्मोदय उप-समितिका सचिव कुमार के.सी.बाट जानकारी प्राप्त भएको कुरा थाहा हुन आएको छ ।

## "बुद्धको जीवनोपयोगी शिक्षाहरू – एक विवेचना" विमोचित

२०५९ माघ १८, ललितपुर । म्यानमारको "अग्गमहासद्धम्म जोतिकधज" पदबाट सम्मानित भिक्षु अश्वघोष महास्थविरबाट नेपाली भाषामा लेखिएका पुस्तकहरूबाट बासुदेव देशारबाट समय सापेक्ष विभिन्न लेखहरू संग्रह गरी सम्पादन गरिएको तथा श्री दुर्गादास रंजित ज्यूबाट प्रकाशित पुस्तक "बुद्धको जीवनोपयोगी शिक्षाहरू-एक विवेचना" को ज्योति विहार, चापागाउँमा एक समारोहका बिच ञाणवति गुरुमाँले विमोचन गर्नुभयो ।

उक्त समारोहमा आयोजक संस्था ज्योतिदय संघका सचिव सन्त ब. देशारले स्वागत भाषाण गर्नुभएको थियो भने गुरुमाँ ज्ञाणवति, शाक्य सुरेन, दिल देशार, विष्णुलक्ष्मी ताम्राकार, तुल्सी महर्जन, नारायण देशार र सम्पादक बासुदेब देशारले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

## पुस्तक ग्रन्थ विमोचन

२०५९ फागनु । स्थान- सत्य सन्देश प्रचारक प्रकाशन, काठमाडौं ।

यहाँको ढल्कोस्थित संघाराम भिक्षु तालिम केन्द्रमा सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौंको १६ औं कृतिका रूपमा भिक्षु संघरक्षित, संघारामद्वारा लिखित अन्वेषण-अनुसन्धानात्मक कृति "विश्व हुलाक टिकटमा बुद्ध, बुद्धधर्म, बौद्ध व्यक्तित्व र संस्कृति" नामक ग्रन्थ पुस्तक ९३ वर्षीय वयोवृद्ध एवं संघाराम विहारका संस्थापक दाता अ. धर्मरक्षिताद्वारा एक समारोहका बीच विमोचन गर्नुभयो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय बुद्धघोष महास्थविरको "शुभाशीर्वाद", नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष सुवर्णराम जोशीका "दुई शब्द", ने.फि.सो.का निवर्तमान अध्यक्ष दिपक मानन्धरको "शुभकामना" तथा प्रसिद्ध समालोचक इन्द्र मालीका भूमिका रहेको उक्त कृतिका बारेमा हर्षले गद्गद् हुँदै पुस्तकका लेखक भिक्षु संघरक्षित भन्नुहुन्छ– "बौद्ध हुलाक टिकट सम्बन्धी खोज-अनुसन्धान गरिंदाका समयमा जतिसुकै मेहनत, परिश्रम र दौडधुप गर्नुपर्दा पनि आज पुस्तकका रूपमा यहाँहरू समक्ष सार्वजनिक गर्न पाउँदा ती सबैलाई भुलेर सुखानुभूति गर्दैछु । पुस्तक प्रकाशनार्थ सहयोग गर्ने राजेशदाई लगायत सबैमा साधुवाद ! धन्यवाद !!

## श्रद्धाञ्जली सभा

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा नगदेश बुद्ध विहारमा "नेपालको स्थविरवादी बुद्ध शासनिक कार्यको पुनर्जागरणका अग्रज मध्येका एक व्यक्तित्व, पावन भूमि लुम्बिनीमा ४ दशक भन्दा बढी समर्पित भै लुम्बिनीको प्रगति र उन्नतिमा अहम भूमिका निभाउनु भएका अग्ग महासद्धम जोतिक धज, संघनायक श्रद्धेय भिक्षु अनिरूद्ध महास्थविरज्यूको गत २०५९ फागुन ५ सोमबार विश्व शान्ति विहारमा ८९ वर्षको उमेरमा देहावसान भएकोले वहाँको पुण्यस्मृतिमा एक श्रद्धाञ्जली सभाको आयोजना गरियो । बौद्ध ल्याय्म्ह पुचः का सचिव राजकृष्ण बाडेले स्वागत गर्नुभयो भने संघनायक भन्तेको जीवनी र योगदान बारे नगदेश बौद्ध समूहको सचिव कृष्णकुमार प्रजापतिले चर्चा गर्नुभयो र वहाँको तस्वीरमा श्रद्धा सुमन स्वरूप पुष्पार्पणगरी भावपूर्ण एक मिनेट मौन धारण गरियो । सो सभाको सभापतित्व समूहका सदस्य उपासक कसं बहादुर कोजुले गर्नुभएको थियो ।

## श्रद्धाञ्जली सभा

२०५९ फागुण १२ गते । स्थान- बुद्ध विहार, बिराटनगर

पूज्य संघनायक भिक्षु अनिरूद्ध महास्थविरको यही फागुण ५ गते देहावसान भएकोले उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्न बिराट बौद्ध संघको सक्रियतामा स्थानिय बौद्ध संघ संस्थाहरूको संयुक्त आयोजनामा बिराट बौद्ध संघका अध्यक्ष श्री धर्म कुमार हलुवाईको सभापतित्त्वमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको समाचार छ ।

भिक्षु शोभन समक्ष शील प्रार्थना गरी शुरु गरिएको उक्त सभामा बिराट बौद्ध संघका सचिव श्री सत्यनारायण ताम्राकारले दिवंगत भिक्षु अनिरुद्ध महास्थविरको छोटो परिचय दिनु भई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो भने भिक्षु शोभनले संसारको अनित्यता माथि प्रकाश पार्नुका साथै श्रद्धेय दिवंगत भन्तेसंगको केही संस्मरण बताउनु हुँदै श्रद्धाञ्जली व्यक्त गर्नु भएको थियो । यी बाहेक उक्त सभामा श्रद्धाञ्जली व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो– प्रा. जीवेश्वर लाखे, प्रकाशमान शाक्य, मोहन प्रसाद शाक्य, प्रेमकाजी बज्राचार्य र सभाका अध्यक्ष धर्मकुमार हलुवाई आदि ।

## संघनायकको स्मरणमा बुद्ध विहारमा मरणानुस्मृति सम्पन्न

१० फागुण, बुद्ध विहार भृकुटी मण्डपले दिवंगत श्रद्धेय नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविरको गुणानुस्मरण गर्दै शनिवारीय ध्यानभावनाको लगत्तै प्रथमतः भिक्षुहरूबाट दिवंगत संघनायक भन्तेको तस्वीर अगांडी ज्योति प्रज्ज्वलन गरिसकेपछि उपस्थित उपासकहरूले पुष्पाञ्जली अर्पण गरे । त्यसपछि आनन्दकुटी विहार गुठीका सचिव भिक्षु धर्ममूर्ति, बुद्ध विहारका प्रमुख भिक्षु कोण्डन्य, सचिव भिक्षु निग्रोध, सदस्य मोतिलाल शिल्पकार, उपासक प्रेम बहादुर तण्डुकार, दिवंगत भन्तेको विरामी सेवक श्रामणेर आचारोले संघनायक भन्तेको बुद्धशासनिक योगदान

बारे चर्चा गर्नुभयो । यस्को लगत्तै संघनायक भन्तेको स्मृतिमा पाठ सम्पन्न गरियो ।

बुद्ध विहार संरक्षण समितिको आयोजनामा सम्पन्न सो मरणानुस्मृति पाठको अन्तमा भिक्षु सुशीलले कविता वाचन गर्नुभयो ।

## शान्ति वन गोदावरीमा गुणानुस्मरण

१० फागुण, गोदावरीमा अवस्थित शान्ति वनमा दिवंगत श्रद्धेय नेपालका संघनायक भिक्षु अनिरुद्ध महास्थविरको पुण्यस्मृतिमा बुद्धपूजा, मरणानुस्मृति पाठ र पुण्यानुमोदन कार्य सम्पन्न भयो । नेपालको थेरवाद बुद्ध शासनमा संघनायकको योगदान बारे भिक्षु कोण्डन्यले प्रकाश पार्नुभएको र सोही बेला भिक्षु निग्रोधले उहाँको जीवनी प्रकाश पार्नुभयो । लुम्बिनी बर्मेली विहारका प्रमुख भिक्षु धम्मानन्द महास्थविर सहित अन्य ६ जना बर्मेली भिक्षुहरूको समेत सहभागीतामा शाक्यसिं बौद्ध परियत्तिका विद्यार्थीहरूको पनि सो मरणानुस्मृति पाठमा सहभागिता रहेको थियो ।

## चैत्य प्रतिस्थापन

२०५९ माघ २७ गते । स्थान- विराटनगर ।

उपासक श्री ललित बहादुर हलवाई एवं श्रीमती गुलबदन हलवाईले आफ्ना दिवंगत पिता माता भोजपुर टक्सार निवासी स्व. देव बहादुर एवं श्रीमती हर्कमाया हलवाईको पूण्य स्मृतिमा पञ्च बुद्धको चैत्य एवं धर्म धातु मण्डलको प्रति स्थापना गर्नु भएको समाचार छ । करीब १,५०,०००/- को लागतमा बनिएको यो चैत्य र धर्मधातु प्रतिस्थापन गरिंदा स्थानीय उपासक उपासिकाहरूको पनि सहभागिता रहेको थियो ।

## "भिक्षु राहुल" ध्यानकुटी विहारका उत्तराधिकारी

भिक्षु राहुल वि.सं. २०३३ सालमा ध्यानकुटी बनेपामा प्रव्रजित हुनुभएका थिए । प्रव्रजित हुनुभई एक वर्ष पश्चात् बुद्ध शिक्षा र भिक्षु जीवन सम्बन्धि विषयमा तालिम लिने सिलसिलामा उहाँ श्रीलंका जानुभएका थिए ।

"विद्योदय भिक्षु महाविद्यालय" नाम गरेको श्रीलंकाको प्रचलित महाविद्यालयमा २५ वर्ष सम्म अध्ययन गर्नुभई उहाँले त्यहाँबाट नै एम.ए. परीक्षा उत्तिर्ण गर्नुभयो । त्यसपछि भिक्षु राहुलले त्यहिंका भिक्षुहरूलाई बुद्ध शिक्षा विषयमा अध्यापन गर्न थाल्नुभयो भने श्रीलंकामा अध्ययन गर्नका लागि आएका नेपाली भिक्षु एवं गुरुमाँहरू गरी ४० जना व्यक्तिहरूलाई श्रीलंका लिपी र भाषा पढाउने गर्नु भएको थियो ।

हाल बुद्ध भूमी नेपालमा बुद्ध उपदेश प्रचार गर्ने मनसाय राख्नुहुँदै नेपाल फर्कनु भएका भिक्षु राहुल आजभोली बनेपास्थित ध्यानकुटीमा रहनु भएको छ । उहाँका गुरु ध्यानकुटीका संस्थापक भिक्षु अश्वघोष महास्थविरले हाल भिक्षु राहुललाई ध्यानकुटी विहारको उत्तराधिकारी पदमा नियुक्त गर्नुभएको छ । उक्त नियुक्ती प्रस्तावलाई ध्यानकुटी संरक्षण समितिको सर्व सम्मतिले सहर्ष स्वीकार गरेको समाचार छ ।

भिक्षु राहुल ध्यानकुटीको उत्तराधिकारी भइसकेपछि उहाँले ध्यानकुटीमा नै रहनुभई बुद्ध शिक्षा प्रचार गर्दै ध्यानकुटीको संरक्षण गर्नुहुने, यस विषयमा कसैले अविश्वास गर्न नपर्ने, अविश्वास हुने गरी कुनै कार्य पनि नगर्ने भनी उहाँले प्रतिज्ञा पनि गर्नु भएको कुरा थाहा हुन आएको छ ।

## नगर परिक्रमा गर्दै बुद्धपूजा

नेपाल लगायत विश्वमा नै व्याप्त भइरहेको हिंसा, अशान्ति र भयत्रास हटुन् भनी विश्व शान्तिको कामना गर्दै ज्ञानमाला भाजन खल: स्वयम्भू काठमाडौंको आयोजनामा २०५९ चैत्र १ गते शान्तिधट चैत्य श्रीघ:देखि स्वयम्भू महाचैत्य सम्म नगर परिक्रमा गरी थुप्रै जनसमूहको तर्फबाट बुद्ध पूजा गरिएको थियो ।

भिक्षु आनन्द र भिक्षुणी धम्मवतीले धर्मदेशना गर्नुभएको उक्त बुद्धपूजा कार्यक्रममा सहभागी हुनुभएका सबै भक्तजनहरूलाई ज्यापू महागुथी काठमाडौं महानगर समितिको तर्फबाट जलपान र भोजनको व्यवस्था मिलाइएको थियो भने श्रीघ: ज्ञानमला भजन खल:को तर्फबाट ज्ञानमाला भजन पनि गाइएको थियो ।

## प्रज्ञा निकेतन भवन समद्घाटन

२०५९ फागनु २७ गते ।

स्थान- सिद्धार्थनगर, भैरहवा ।

'पूगता भूमि जेतवन विहार' अन्तरगत विश्व शान्ति बौद्ध चैत्य तथा रेयुकाई इन्टरनेशनलको सहयोगमा निर्मित 'प्रज्ञा निकेतन भवन' पूर्व प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइरालाज्यूबाट समुद्घाटन भएको समाचार छ । पूगता भूमि जेतवन विहार समिति सिद्धार्थनगरको आयोजनामा सम्पन्न उक्त समारोह श्रद्धेय भिक्षुसंघ तथा रेयुकाई इन्टरनेशनल जापानका वरिष्ठ शिबुचो श्री यूशुन माशुनामाको समुपस्थितिमा सम्पन्न भएको थियो ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

## पालि भाषा अध्ययन समाज नीस्वन

बुद्धया पवित्र वचन "पालि-भाय्' सय्केगु तातुना, यक्वसिया भिंन्तुना लिसे म्हिग: ने.सं. ११२३, सिल्लागा १३ (त्रयोदशी, फागुण १७ गते, धल्को स्थित संघाराम विहारे उक्त 'पालि-भाषा' अध्ययन समाजया ज्याझ्व: छगू समारोहया बिचे शुभारम्भ जुल। शील, प्रार्थना, दीप प्रज्वलनं न्हयागु उगु ज्याझ्व: संघाराम विहारया पूज्य शास्त्रपति-पण्डित आनन्द भन्तेया सभापतित्वय् जूगु ख:।

मन्तब्य प्वंका दीसें भाजु प्रा. सुवर्ण शाक्यजु "बुद्धधर्म धैगु बौद्ध तय्गु जक मखु- सुनाँ बुद्धया शिक्षा अध्ययन याना व्यवहारय् छ्यली उह्मसित हे बौद्ध धाई (धर्मञ्च जिन भाषितम्) पालि भाय् सय्केबले मेपिंसं धा:गु भरे विश्वास मया:से थ:म्हं हे प्रत्यक्ष बुद्धवचन ध्वाथ्वीके फइगु अवसर चूलाई। थज्यागु अध्ययन विहार विहारे यक्व दुसां थथे 'अध्ययन समाज" नी स्वंगु थ्व न्हापांया कुत: ख:" धैदिसे पालि-भाय्या महत्व प्वंकादिल।

भाजु कवीर कुमार बज्राचार्य जुं न्ववा "बरोबर बुद्ध शिक्षा सय्केत आनन्द भन्तेया थाय् मथूगु शब्दत वस्पोलं ध्वाथ्वीका विज्यासें पालि स्यने द:सां ज्यू धैगु मती: प्वंका बिज्यागुलिं अध्ययन समाज नीस्वनेगु ज्या जूगुख:।

विहारया दाता धर्मरक्षिता गुरुमां, उत्तरा प्रा. सुवर्ण शाक्य, विष्णुदेवी मानन्धर, निर्मला कं लिसें, त्रिभुवन विश्व- विद्यालयया "बौद्ध अ विद्यार्थीपिं सहभागी जूगु थुगु ज्याझ्व श्रद्धेय संघ भन्तेया यइपुसेच्वंगु उद्घोषणय् सम्पन्न जूगु ख:

परिचयात्मक क्लास कयाविज्यासे सभापति आनन्दं विदेशे वनेम्वाय्क थ:गु हे देशय् बुद्ध- अध्ययन याय्दैगु जक मखु धर्मया तात्विक रस भाषां हे जक थ्वीके फइगु खं बारे पालि-भाय्या प्वंका बिज्यात।

## भिक्षुणी कुसुमया देशना

यलया लायकुस्थित विश्व मैत्री विहारे पंचशील प्रार्थना व बुद्ध पूजा लिपा जूगु बौद्ध सभाय् भिक्षुणी कुसुमं लोभ चित्त व तं यात बसेतया थौं यायेमागु ज्या थौं हे यायेमागु खँ न्ह्यथसें कर्तव्य पालन मयातकि शासन स्थिर जुइ मखूगु धर्म देशना याना बिज्यात।

दिल शोभा शाक्यं भिंगु कर्मयापिं च्वन्ह्याइसा निन्दा चुक्ली यापिं क्व न्ह्याइ धया दिल।

वंगु संन्हूया धर्म देशना लुमंका छ्त्वा कनादीम्ह पार्वती यात भिक्षुणी कुसुमं सिरपा: लल

केशव शाक्यं लसकुस व प्रेम बहादुर वज्र शुभाय् वियादीगु ज्याझ्व लोक बहादुर शाक्यं न्ह दीगु ख:।

## धर्मकीर्ति पत्रिका नविकरण सम्बन्धी सूचना

**धर्मकीर्ति पत्रिकाको वार्षिक ग्राहक शुल्क २०५९ चैत्र मसान्त सम्ममा समाप्त हुने भएको आगामी वर्ष २०६० साल वर्ष २१ अंक १ देखी १२ सम्मको वार्षिक ग्राहक शुल्क नविकरण ग हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं। यस वर्ष वार्षिक ग्राह शुल्क रु. ७५।- गरिएको छ।**

*पुनश्च : चेकवाट भुक्तानी पठाउनु हुँदा खातावालाको नाम "धर्मकीर्ति" मात्र उल्लेख गरि पठाउनु हुन प अनुरोध गर्दछ। अन्यथा हुन गएमा धर्मकीर्ति पत्रिका जवाफ देही हुने छैन।*

*- प्रमुख व्यवस्थाप*

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८